## मधुवन नगरपालिकाको

# स्थानीय शिक्षा नीति मस्यौदा

# २०८१

**मधुवन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मधुवन, बर्दिया, लुम्बिनी प्रदेश**
**२०८१**

**प्रकाशक**
मधुवन नगरकार्यपालिकाको
कार्यालय, मधुवन, बर्दिया
२०८१ पौष

सर्वाधिकार प्रकाशकमा

**प्रमुख संरक्षक**
श्री तेजबहादुर भाट, नगरप्रमुख, मधुवन नगरपालिका

**संरक्षक**
श्री अनिता चौधरी, नगर उपप्रमुख मधुवन नगरपालिका

**सल्लाहकार**
श्री मिनबहादुर थापा, सामाजिक विकास समिति संयोजक
श्री भेषराज खनाल, प्रमुख प्रशासकीय अधिकृत
श्री आशाराम चौधरी, वडाध्यक्ष, वडा नं. २
श्री नारायण मल्ल, वडाध्यक्ष, वडा नं. ३
श्री बलिराम चौधरी, वडाध्यक्ष, वडा नं. ४
श्री दिलिप गुरुङ, वडाध्यक्ष, वडा नं. ५
श्री चन्द्रसिंह गुरुङ, वडाध्यक्ष, वडा नं. ६
श्री राजेन्द्र हमाल , वडाध्यक्ष, वडा नं. ७
श्री मेकबहादुर गुरुङ, वडाध्यक्ष, वडा नं. ८
श्री हर्कबहादुर बस्नेत क्षेत्री, वडाध्यक्ष, वडा नं. ९

प्राविधिक सहयोग : जीतबहादुर शाह, पूर्व सदस्य, कर्णाली प्रदेश योजना आयोग

आर्थिक सहयोग : प्लान ईन्टरनेसनल नेपालको साझेदारीमा सञ्चालित बाँके युनेस्को क्लव, बाँके र भेरी वातावरणीय विशिष्टता समूह (BEE Group), बाँके

# प्राक्कथन

## विषय सूची

## विषय सूची


विषयवस्तु ............ पृष्ठ सङ्ख्या

१. पृष्ठभूमिः ............ १

२. विगतका प्रयासः ............ २

३. वर्तमान अवस्थाः ............ ४

४. समस्या तथा चुनौतीः ............ ६

५. नीतिको आवश्यकताः ............ ८

६. दूरदृष्टिः ............ ९

७. लक्ष्यः ............ ९

८. उद्देश्यः ............ ९

९ नीति र रणनीतिक क्रियाकलापहरु ............ १०

क. प्रारम्भिक बालविकास र शिक्षा ............ १०

ख.आधारभूत शिक्षा ............ १२

ग.माध्यमिक शिक्षा ............ १५

घ.अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षा ............ १८

ङ .प्राविधिक तथा व्यवसायिक शिक्षा ............ २०

च.शिक्षामा सूचना तथा सञ्चार प्रविधि ............ २२

छ.पाठ्यक्रम, पाठ्यसामग्री र मूल्याङ्कन ............ २५

ज.शिक्षक व्यवस्थापन तथा विकास ............ २८

झ.विद्यालय भौतिक पूर्वाधार विकास ............ ३०

ञ.शैक्षिक सुशासन र गुणस्तर व्यवस्थापन ............ ३४

ट.शिक्षामा समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्श ............ ३७

ठ.आपतकालिन तथा संकटपूर्ण अवस्थामा शिक्षा ............ ३९

१०. नीति कार्यान्वयनको जिम्मेवारीः ............ ४१

११. संस्थागत व्यवस्था ............ ४३

१२. अनुगमन तथा मुल्याङकन ............ ४३

१३. आर्थिक पक्षः ............ ४४

१४. कानुनी व्यवस्थाः ............ ४४

१५. जोखिम तथा जोखिम न्यूनीकरण ............ ४५

१६.खारेजी तथा बचाउः ............ ४५

# मधुवन नगरपालिकाको स्थानीय शिक्षा नीति २०८१

## १. पृष्ठभूमिः

नेपालको संविधान (२०७२) भाग ३ को धारा ३१ मा शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रुपमा स्थापित गर्दै आधारभूत तह सम्मको शिक्षामा पहुँच, आधारभूत तह सम्मको अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तह सम्मको निःशुल्क शिक्षा पाउने हक प्रत्याभूत गरेको छ । अपाङगता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून वमोजिम निःशुल्क उच्च शिक्षा पाउने, प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक समेत प्रत्याभूत गरेको छ । साथै शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायीक, सिपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै नीजि क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्बन गरेको छ । संवैधानिक प्रावधानलाई कार्यान्वयन गर्न सुदृढ राष्ट्रिय शिक्षा प्रणालीको विकासको क्रम अघि बढेको देखिन्छ ।

विकासको मेरुदण्डका रुपमा शिक्षालाई हृदयगम गर्दै निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ मा शिक्षामा नागरिकको पहुँच र राज्यको दायित्व समेत उल्लेख गर्दै आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । यसका लागि निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउनु पर्ने, शैक्षिक सामग्री प्रदान गर्ने र छात्रवृत्ति प्रदान गर्ने साथै दिवा खाजा उपलब्ध गराउने कुरा समेत उल्लेख गरेको पाइन्छ । यसैलाई टेकेर बनाइएको अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली २०७७ मा अनिवार्य तथा निःशुल्क शिक्षा उल्लेख गर्दै यसका लागि साक्षरता कार्यक्रमसञ्चालन गर्ने, आवासीय सुविधा सहित अध्ययनको व्यवस्था मिलाउनु पर्ने, माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुने, छात्रवृति, विशेष व्यवस्था तथा अवसर सहित शिक्षा प्राप्तिका लागि विशेष अवसर प्रदान गरिने, वैकल्पिक र अनौपचारिक तथा खुल्ला शिक्षाको माध्यमबाट लक्षित वर्गलाई शिक्षार्जन गराउनु पर्ने व्यवस्था समेत गरेको पाइन्छ ।

कुनै पनि देशको शिक्षा नीतिले उक्त देशको राष्ट्रिय विकासका प्राथामिकताहरुलाई सम्बोधन गर्ने प्रयास गरेको हुन्छ । यसै परिपेक्ष्यमा नेपाल सरकारले संघीय संरचना अनुरुप राष्ट्रिय शिक्षा नीति २०७६ तर्जुमा गरेको छ,जसलाई स्थानीय शिक्षा नीति निर्माणका लागि मार्गदर्शनको रुपमा स्वीकार गरिएको छ । राष्ट्रिय शिक्षा नीतिको लक्ष्य सबै तहको शिक्षालाई प्रतिष्पर्धी, प्रविधि मैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरुपको मानव संशाधन विकास गर्ने  रहेको छ । उक्त शिक्षा नीतिले प्रारम्भिक बालविकासदेखि उच्च शिक्षासम्म, अनौपचारिक, समावेशी र विशेष शिक्षा सहित सामुदायिक तथा सार्वजनिक शिक्षा प्रणालीको सबलीकरण गरी राष्ट्रिय योग्यता प्रारुपमा आधारित शिक्षा प्रणालीमा जोड दिनु पर्ने कुरा अगाडि सारेको पाइन्छ । यसका लागि शिक्षामा लगानी अभिबृद्धि गरी विज्ञान र प्रविधि सहित शिक्षामा गुणस्तर कायम गर्नुपर्ने नीति समेत अवलम्बन गर्नुपर्ने उल्लेख छ । यसै अनुरुप प्रदेश र स्थानीय तहले यसको अधिनमा रही थप नीति, रणनीति र कार्यनीतिहरू कार्यन्वयन गर्न सक्ने व्यवस्था पनि गरेको छ ।

चालु आवधिक योजना (पन्ध्रौ योजना) ले पनि सामाजिक आर्थिक रुपान्तरणका लागि मानव संसाधनको विकास गर्ने सोचका साथ गुणस्तरीय शिक्षा मार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य लिएको छ । शिक्षा विकास नै विकासको मूल आधार हो र शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो भन्ने कुरालाई आत्मसात गरी मुलुकले विभिन्न समयमा शिक्षा विकासका निम्ति समयानुकूल विविध आवधिक योजना एवम् प्रस्तावहरु अगाडि बढाएको पाइन्छ । नेपाल सरकारले विद्यालय शिक्षामा सवैको समतामूलक पहुँच, सुनिश्चित गर्नका साथै गुणस्तर सुधार्नका निम्ति दश वर्षे विद्यालय शिक्षा क्षेत्र योजनासन् २०२२।०२३ देखि कार्यान्वयनमा ल्याइसकेको अवस्था छ । यसको मुख्य उद्देश्य भनेकै नेपालको शिक्षा क्षेत्रमा समता, गुणस्तर,सक्षमता, सुशासन तथा व्यवस्थापकीय सुधार गर्नु रहेको छ ।

दिगो विकासका लक्ष्य २०३० को लक्ष्य–४ मा “समावेशी तथा न्यायोचित गुणात्मक शिक्षा सुनिश्चित गर्दै सवैका लागि जीवन पर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने” कुरा उल्लेख गरिएको छ । जसमा सबै छात्र–छात्राहरुलाई सिकाइका सकारात्मक परिणामहरू प्राप्त हुन सकून् भन्ने उद्देश्यले निःशुल्क न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने, बालविकासमा पहुँच र गुणस्तरीयता कायम गर्ने, विश्वविद्यालय सम्मकै शिक्षामा सवै महिला र पुरुषको समान सुनिश्चितता कायम गर्ने, प्राविधिक तथा व्यावसायिक दक्षता लगायत सान्दर्भिक सिप, दक्षता भएका युवा र वयस्कहरूको संख्या वृद्धि गर्ने, शिक्षामा लैङ्गिक असमानताहरुको अन्त्य गर्ने जस्ता उद्देश्य लिई अगाडि बढेको पाइन्छ । यसले निर्धारण गरेका परिमाणात्मक लक्ष्यहरूलाई समेत आत्मसात् गर्दै कार्यान्वयनमा अगाडि बढ्नुपर्ने कुरालाई आत्मसात गर्दै यो नीति तर्जुमा गरिएको हो ।

मधुवन नगरपालिका पनि मुलुकका ७५३ वटा स्थानीय सरकारहरुमध्ये एउटा स्थानीय सरकार हो । सरकारको आफ्नो कानून हुन्छ, नीति नियम र कार्यक्रमहरु हुन्छन् । विषयवस्तुको यही गम्भीरतालाई मध्यनजर राखी शिक्षा क्षेत्र भनेको अन्य विकासको पनि पूर्वाधार हो भन्ने कुरालाई स्वीकार गर्दै पालिकाले प्रस्तुत स्थानीय शिक्षा नीति २०८० बनाउने काम गरेको छ । प्रस्तुत शिक्षा नीति निर्माणका क्रमका संघीय शिक्षा नीतिका साथै शिक्षाका अन्य योजना र दस्तावेजहरुलाई समेत अध्ययन गरी तिनका मूल मर्महरुलाई आवश्यकता अनुसार फ्यूजन गरेर प्रस्तुत शिक्षा नीतिको आकृतिकरण गरिएको छ ।

**२. विगतका प्रयासः**

मधुवन नगरपालिकामा शिक्षा क्षेत्रमा विगतमा भएका प्रयासहरु निम्न बमोजिम रहेका छन् :

- सबै बालबालिकाको पढ्ने अधिकारको सुनिश्चितताका लागि आधारभूत शिक्षालाई निःशुल्क र अनिवार्यका साथै माध्यमिक तहको कक्षा १० सम्म नि:शुल्क गरिएको,
- अधिकांश बालविकास केन्द्रहरुमा शैक्षिक सामग्रीको व्यवस्था गरिएको,
- आर्थिक अवस्था कमजोर भएका अधिकांश बालबालिकाहरुलाई पोसाक र झोला सहित शैक्षिक सामग्रीको व्यवस्था गरिएको,
- बालविकासका स.का. लगायत विद्यालय कर्मचारीहरुलाई थप प्रोत्साहन सुविधा प्रदान गरिएको,

- संघसंस्था र पालिकाको सहकार्यमा शिक्षामा अभिभावकहरुको चासो र सक्रियता बढाउन अभिभावक शिक्षा कार्यक्रम कार्यान्वयन गरिएको,
- विद्यालय भौतिक सुधारको कार्यक्रमहरू (कक्षाकोठा निर्माण, मर्मत, खानेपानी, शौचालय, घेरवार समेत) सञ्चालन गरेको,
- न्यून विद्यार्थी रहेका विद्यालयहरूलाई समायोजन गरिएको,
- माध्यमिक विद्यालयहरुमा विभिन्न विषयका प्राविधिक धार सञ्चालन गरिएको,
- मधुवन नगरपालिका भित्रका गरिब, जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा तर्फ प्राविधिक विषय अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने व्यवस्था गरिएको,
- कोरोना भाइरस (COVID -19) दोस्रो भेरियन्टको संक्रमणका कारण विद्यालय बन्द रहेकाले विद्यार्थीहरुलाई वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ गर्नका लागि आधारभूत र माविका सबै विद्यार्थीको लागि परियोजना अभ्यास पुस्तिका छपाई, अडियो मोबाइल शिक्षण, कक्षा (९-१२) का विद्यार्थीहरुलाई डाटा खरिद गर्न प्रति विद्यार्थी अनुदान वितरण गरी कार्यान्वयन गरिएको,
- शिक्षकहरूलाई पेसागत क्षमता विकास तालिम सञ्चालन गरिएको,
- संस्थागत विद्यालयको अनुगमन तथा सुपरिवेक्षण गरिएको,
- सामुदायिक विद्यालयमा अध्ययनरत सबै छात्राहरुको स्वच्छता तथा सरसफाइका लागि सेनिटरी प्याडको व्यवस्था गरिएको
- मधुवन नगरपालिकाले "हाम्रो मधुवन" नामक स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गरिएको,
- स्थानीयतहमा हस्तान्तरित विभिन्न किसिमका कार्यक्रम सञ्चालनमा रहेका,
- विद्यालयलाई दिनु पर्ने अनुदान (छात्रवृत्ति, बुक कर्नर, सामाजिक परीक्षण लगायत, व्यवस्थापन अनुदान, SIP निर्माण लगायत, दिवा खाजा, शैक्षिक गुणस्तर लगायत) नियमित कार्यान्वयन पुस्तिका बमोजिम निकासा गरिएको र विद्यालयले सोही अनुसार कार्यसम्पादन गरिरहेका,
- भौतिक सुविधा विस्तार अन्तर्गत शौचालय र २ कोठे र ४ कोठे भवन निर्माण गर्ने कार्य सञ्चालन भइरहेको,
- एकीकृत पाठ्यक्रमलाई कार्यान्वयन गर्नको लागि कक्षा १–३ मा अध्यापन गर्ने सबै शिक्षकलाई क्षमता विकास तालिम र सो कक्षाका सबै बालबालिकाको मूल्याङ्कन गर्न मूल्याङ्कन पुस्तिकाको वितरण गरिएको,
- विद्यालय कर्मचारी र बालविकासका शिक्षकहरुलाई संघीय सरकारले तोकेको न्यूनतम पारिश्रमिकमा नघट्ने गरी बजेट विनियोजन गरिएको,

- विद्यालयमा सञ्चालन गरिने विभिन्न किसिमका अतिरिक्त क्रियाकलाप, राष्ट्रपति रनिङ्ग सिल्ड तथा मेयर कप प्रतियोगितालाई पहिलो प्राथमिकतामा राखी सञ्चालन गरिएको,
- विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि हरेक शिक्षकका निम्ति पाठ्यक्रम, पाठ्यपुस्तक,शिक्षक निर्देशिका र शिक्षक डायरीको व्यवस्था गरेको,
- प्रविधिमैत्री शिक्षण सिकाइ विधि कार्यान्वयनका लागि प्राविधिक धारतर्फ कृषि बाली अध्ययनरत विद्यार्थीहरुको OJT का लागि शैक्षिक सामग्री लगायत विद्यार्थीहरुलाई विद्यालयमा परिचालन गरिएको,

**३. वर्तमान अवस्थाः**

राष्ट्रिय जनगणना २०७८ अनुसार मधुवन नगरपालिकाको कुल जनसङ्ख्या ५०७३९ रहेको छ जसमा महिलाहरुको सङ्ख्या २७४२९ र पुरुषको सङ्ख्या २३३१० रहेको छ । लैङ्गिक अनुपात हेर्दा सयजना महिला बराबर ८४.९८ जना पुरुष रहेको देखिन्छ । उमेरगत हिसावले हेर्दा ४ वर्ष मुनिको जनसंख्या ४०६५ जना रहेको छ भने ५ देखि ९ वर्ष उमेरको जनसङ्ख्या ४३८६ रहेको छ । त्यसरी नै यस नगरपालिकामा भएका जम्मा ९ वटा वडाहरुमध्ये सबैभन्दा बढी जनसङ्ख्या (६५४९) वडा नं. ४ मा रहेको छ भने सबैभन्दा कम जनसङख्या (४३५७) वडा नं. ३ मा रहेको छ । जातिगत हिसावले हेर्दा यहाँ थारु जातिको बाहुल्यता रहेको छ । यस पालिकामा थारु जातिको कुल जनसङ्ख्याको ४२.५०% रहेको छ भने अन्य जातजातिमा क्षेत्री २०.०%, विश्वकर्मा १०.६%, ब्राम्हण ६.९%, मगर ५.९%, गुरुङ २.७%, परियार २.३%, ठकुरी २.१%, मिजार १.४% र तामाङ १.०३% रहेको देखिन्छ ।

यस नगरपालिकाको ५ वर्षमाथिको कुल साक्षरता दर ७६.५ प्रतिसत रहेको छ जसमा महिलाको साक्षरता दर ७१.२% र पुरुषको साक्षरता दर ८२.९ प्रतिसत रहेको छ । राष्ट्रिय जनगणनाका अनुसार यस पालिकाका साक्षर जनसङ्ख्या ३६०१९ मध्ये पूर्व प्राथमिक शिक्षासम्म पूरा गर्नेहरुको सङ्ख्या १५०४ (४.१८), प्राथमिक शिक्षासम्म पूरा गर्नेहरुको सङ्ख्या १०१४६ (२८.१७), निम्न माध्यमिक शिक्षासम्म पूरा गर्नेहरुको सङ्ख्या ९१३४ (२५.३६), माध्यमिक शिक्षासम्म पूरा गर्नेहरुको सङ्ख्या ५६३४ (१५.६४), एसएलसीसम्म पूरा गर्नेहरुको सङ्ख्या ३८१६ (१०.५९), कक्षा १२ सम्म पूरा गर्नेहरुको सङ्ख्या ३०४६ (८.४६), स्नातकसम्म पूरा गर्नेहरुको सङ्ख्य ६३५ (१.७६), स्नातकोत्तर पूरा गर्नेहरुको सङ्ख्या २४३ (०.६७) र त्यो भन्दा माथिको शिक्षा पूरा गर्नेहरुको सङ्ख्या १२० (०.३३) रहेको देखिन्छ । त्यसरी नै साक्षर भएर पनि साक्षरताको शैक्षिक योग्यताको स्तर नखुलेको जनसङ्ख्या १७४१(४.४३) जना रहेको देखिन्छ । त्यसरी नै एसइइ पछि कक्षा ११–१२ मा अध्ययन गर्नेहरुमध्ये सबैभन्दा बढि अर्थात ४८.३ प्रतिसत विद्यार्थीहरु शिक्षा सङ्कायमा रहेका छन् भने व्यवस्थापनमा २४.११ प्रतिसत, विज्ञान र प्रविधिमा ४.५ प्रतिसत, स्वास्थ्य र चिकित्सामा ३.१ प्रतिसत, कृषिमा २.० प्रतिसत र इञ्जिनियरिङमा १.९ प्रतिसत विद्यार्थीहरु अध्ययन गरिरहेको अवस्था देखिन्छ ।

यस पालिकाको दश वर्ष माथिको कुल जनसङख्यामध्ये सङ्लग्न भएको व्यवसायको सन्दर्भ उल्लेख गर्दा ६६.७ प्रतिसत मानिसहरु कृषि, वनपैदावार र मत्स्यपालन व्यवसायमा सङ्लग्न छन् । त्यसैगरी निर्माणसम्बन्धी पेशामा १३.२ प्रतिसत जनसङ्ख्या संलग्न रहेको देखिन्छ भने पसल र सवारी साधन मर्मत सम्बन्धी कार्यमा सङ्लग्नहरुको

जनसङ्ख्या ३.१ प्रतिसत रहेको देखिन्छ । सामान्य ज्यालामजदूरी गर्ने जनसङ्ख्याको प्रतिसत २०.९ रहेको छ । वैवाहिक स्थिति हेर्दा यहाँका ६४३९ अर्थात ३६.८ प्रतिसत किशोरीहरु र २३१८ अर्थात १८.७ प्रतिसत किशोरहरुले १५–१७ वर्षमा विवाह गरिसकेको देखिन्छ भने १८–२० वर्षका १०५३३ जना अर्थात करिव ३५ प्रतिसत किशोरकिशोरीहरुले विवाह गरिसकेको देखिन्छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार मधुवन नगरपालिकामा १८ वर्ष मुनीको कुल जनसङ्ख्या १६४७० भएकोमा बाबाआमासँग रहेर हुर्केबढेका बालबालिकाहरुको सङ्ख्या १०६९२ जना, आमासँग मात्रै रहेका बालबालिकाहरुको सङ्ख्या ४६४७ जना, बाबासँग मात्रै रहेका बालबालिकाहरुको सङ्ख्या २०० जना, बाबा र सौतेनी आमासँग रहेका बालबालिकाहरुको सङ्ख्या १०७ जना, आमा र सौतेलो बाबासँग रहेको बालबालिकाहरुको सङ्ख्या २१ जना, अन्य नातेदारहरुको संरक्षणमा रहेका बालबालिकाहरुको सङ्ख्या ७१२ जना, जना अन्य रोजगारीमा लागेको मानिसहरुको संरक्षणमा रहेको बालबालिकाहरुको संख्या ७ जना र अन्य व्यक्तिहरुको संरक्षणमा रहेका बालबालिकाहरुको संख्या ६१ जना रहेको देखिन्छ ।

मधुवन नगरपालिकामा विभिन्न किसिमले अपाङ्ता भएका जनसङ्ख्याको प्रतिसत ३.३३ (१६९१) रहेको छ । तीमध्ये शारीरिक अपाङ्ता भएका ५८४ जना, कमजोर दृष्टि भएका ४०८ जना, दृष्टिविहीन भएका १०३ जना, बहिरोपन भएका ९९ जना, सुस्त श्रवण भएका १६२ जना, दृष्टिविहीन र बहिरोपन दुबै भएका १४ जना, बोलीमा समस्या भएका ७४ जना, मनासामाजिक समस्या भएका ६९ जना, बौद्धिक अपाङ्गता भएका २० जना, हेमोफोलिया भएका ७ जना, अटिज्म भएका ११ जना, बहुअपाङ्गता भएका १३२ जना र अपाङ्गताको किसिम नखुलेका ८ जना रहेका छन् ।

फ्लास रिपोर्ट २०८१ अनुसार मधुवन नगरपालिकामा विद्यालयहरुको सङ्ख्या ३९ रहेको छ जसमा सामुदायिक विद्यालयहरु २७ रहेका छन् भने संस्थागत विद्यालयहरु १२ वटा रहेका छन् । यीमध्ये कक्षा १ सञ्चालित ५–२० वटा सामुदायिक) १२ र संस्थागत ८(, कक्षा १ सञ्चालित ८–७ वटा सामुदायिक)५ र संस्थागत २(, कक्षा १ सञ्चालित १०–६ वटा सामुदायिक) ४ र संस्थागत २१ र कक्षा (–१२ सञ्चालित ६ वटा )सबै सामुदायिकरहेका छन् । यसैगरी सामुदायिक विद्यालयमा ( सञ्चालित प्रारम्भिक बालविकास केन्द्रहरुको सङ्ख्या५९ र संस्थागत विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरुको संख्या १२ गरी जम्मा प्रारम्भिक बालविकास केन्द्रहरुको संख्या ७१ रहेको छ ।

फ्लास रिपोर्ट २०८१ का अनुसार सामुदायिक शिक्षा तर्फ यस नगरपालिकामा प्रारम्भिक बालविकासमा अध्ययनरत बालबालिकाको सङ्ख्या ११५१, आधारभूत तह (१–५) मा अध्ययनरत विद्यार्थीको सङ्ख्या ३०१४, आधारभूत तह (कक्षा ६–८) मा अध्ययरत विद्यार्थीको सङ्ख्या २४११ र माध्यमिक तह (कक्षा ९–१२) मा अध्ययरत विद्यार्थीको सङख्या २५२१ जना रहेको देखिन्छ । यसरी शिक्षक विद्यार्थी अनुपात हेर्दा प्रारम्भिक बालविकासमा १:२०, आधारभूत तह(१–५) मा १: १८, आधारभूत तह (कक्षा ६–८) मा १:३५ र माध्यमिक तह (कक्षा ९–१२, ) मा १: ४३ रहेको छ ।

यसरी नै विद्यार्थीहरुको कुल भर्नादर बालविकास केन्द्रमा ९९.८ प्रतिसत, आधारभूत तह मा (५–१)१११.१ प्रतिसत, आधारभूत तह१ (८–६) २०.० प्रतिसत र माध्यमिक तह ९ कक्षा)–१२७ मा (४.२ प्रतिसत देखिन्छ । यसरी नै खुद भर्नादर बालविकास केन्द्रमा ७९.२ प्रतिसत, आधारभूत तह९५ मा (५–१).५ प्रतिसत, आधारभूत तह९ (८–६)४.२ प्रतिसत र

माध्यमिक तह ९ कक्षा)–१२५ मा (३.० प्रतिसत देखिन्छ। मधुवनको कक्षा छोड्ने दर कक्षा १.३ को ५–३ प्रतिसत, कक्षा ६ को ८–२.८ प्रतिसत, कक्षा ९.२ को १०–३ प्रतिसत र कक्षा ११ को १२–०.९ प्रतिसत रहेको देखिन्छ। त्यसरी नै कक्षा दोहोऱ्याउने दर कक्षा १ को ५–६.७ प्रतिसत, कक्षा ६ को ८–५.५ प्रतिसत, कक्षा ९.४ को १०–३ प्रतिसत र कक्षा ११–१२ को ०.२ प्रतिसत रहेको देखिन्छ। कक्षा ८ सम्मको टिकाउ दर ८६.६ प्रतिसत रहेको छ।

नगरपालिकाले गरेको उपलब्धि मूल्याङ्कन परीक्षण २०८० का आधारमा भन्नु पर्दा कक्षा प्राथमिक तह कक्षा १- ५ को नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान र सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धि क्रमशः ६१.८७, ६१.६९, ६०.२९, ६५.०६ र ६१.०८ प्रतिसत रहेको देखिन्छ। त्यसरी नै कक्षा ६- ८ को नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान र सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धि क्रमशः ५७.७१, ५७.११, ४५.३५, ५४.७१ र ५२.१६ प्रतिसत रहेको देखिन्छ। त्यसै गरी कक्षा ९-१० को नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान र सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धि क्रमशः ५५.०५, ५०.०३, ३७.१५, ५०.४० र ५२.४६ प्रतिसत रहेको देखिन्छ।

मधुवन नगरपालिकामा सामुदायिक विद्यालयमा सञ्चालित प्रारम्भिक बालविकासमा कार्यरत सहयोगी कार्यकर्ता अर्थात शिक्षकहरुको सङ्ख्या ५९ जना जना रहेको छ भने सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुको कुल सङ्ख्या ३४२ जना रहेको छ। नेपाल सरकारवाट स्विकृत दरवन्दि र अनुदान प्राप्त प्राथमिक तहमा कार्यरत १४८ (स्थायी १०७ राहत ४१ जना), निम्न माध्यमिक ४४ जना ( स्थायी २२ , राहत १७ र शिक्षण सिकाइ अनुदान ५ जना ) र माध्यमिक तहमा ४० जना ( स्थायी २० राहत १५ र शिक्षण सिकाइ अनुदान ५ जना) गरी कुल २३२ जना कार्यरत रहेका छन्। नगरपालिकावाट नियुक्त भएका ६० जना नगर तथा स्वंयसेवक शिक्षक (माध्यामिक १९ निम्न माध्यामिक १९ र प्राथमिक २२ जना) कार्यरत छन्। मधुवन नगरपालिकामा कुल २९२ शिक्षक कार्यरत रहेका छन्। यस नगरपालिकामा ३ वटा प्राविधिक धार सञ्चालन भएका विद्यालयहरुमा कार्यरत प्रशिक्षकहरुको संख्या २५ जना रहेको छ। नगरपालिकामा व्यवस्थापन र शिक्षा सङ्काय सञ्चालन भइरहेको गुराँस बहुमुखी क्याम्पस छ जहाँ १६ जना प्राध्यापकहरु कार्यरत भएको अवस्था छ। विद्यालय तहमा रहेका शिक्षकहरुको दरबन्दी र नियुक्तिको अवस्था देहायको तालिकाममा प्रस्तुत गरिएको छ।

**तालिका नं. १.१**

**तहगत शिक्षक दरबन्दी विवरण**

| **क्र. सं.** | **तह** | **दरबन्दी** | **राहत** | **अनुदान/अस्थायी** | **जम्मा** | **नगरपालिका अनुदान** | **निजी स्रोत** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्राथमिक | १०७ | ४१ | ० | १४८ | २२ | ५ | १७५ |
| २ | निम्न माध्यमिक | २२ | १७ | ५ | ४४ | १९ | ३ | ६६ |
| ३ | माध्यमिक | २० | ७ | ५ | ३२ | १९ | ० | ५१ |
| ४ | उच्च माध्यमिक | २ | ६ | ० | ८ | | ३ | ११ |
| कुल जम्मा | | १५१ | ७१ | १० | २३२ | ६० | ११ | ३०३ |
| ५ | वाविके | ५९ | | | ५९ | | | ५९ |
| ६ | सा.सि.के. | २ | | | २ | | | २ |
| ७ | लेखापाल | | | १० | १० | ० | ० | १० |
| ८ | कार्यलय सहयोगी | | | २८ | २८ | ० | ७ | ३५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | (ड्राइभर चौकिदार समेत) | | | | | | | |

**४. समस्या तथा चुनौती**

मधुवन नगरपालिकाले शिक्षा क्षेत्रमा विभिन्न किसिमका कार्यक्रमहरूको थालनी गर्दा पनि केही समस्या तथा चुनौतीहरू झेलिरहेको अवस्था छ । समग्रम भन्नु पर्दा नेपालको शिक्षा प्रणालीले गर्दा समेत समस्या तथा चुनौतीहरू हाम्रा सामु विद्यमान छन् । विशेषगरी मधुवन नगरपालिकाको शिक्षामा भएका केही समस्या तथा चुनौतीहरू यस प्रकार रहेका छन् :

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्न एवम् प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र /कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्डअनुसार सञ्चालन गर्नु ।
- पूर्ण साक्षर नगरपालिका घोषणाका साथै निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्नु,
- साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्नु र विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्नु,
- यस मधुवन नगरपालिका भित्रका आर्थिक रुपले विपन्न, सहिद परिवारका बालबालिका, दलित, जनजाति,बालिकाहरुलाई छात्रवृत्ति सहित घर आँगनमै प्राविधिक शिक्षा अध्ययन गर्नका लागि मधुवन नगरपालिकाको साझेदारीमा बहुप्राविधिक शिक्षालय स्थापना गरी सञ्चालन गर्नु,
- मधुवन नगरपालिकालाई शैक्षिक क्षेत्रको नमूना बनाउनको लागि  सोही अनुसारको शिक्षा योजना निर्माण गर्नु ,
- प्रारम्भिक बालविकास तथा शिक्षा, चार वर्षका बालबालिकालाई लक्षित गरी सञ्चालन गरिने कार्यक्रम भए पनि चार वर्ष भन्दा कम उमेरका बालबालिकाहरू पनि सहभागी हुनु,
- नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी विद्यालय शिक्षामा सबै विद्यालय उमेरका बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चियतता गर्नु ,
- सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउनु,
- आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास गर्नु ,
- शिक्षाको माध्यमबाट नगरपालिकाको जीवन र जगतलाई सम्मानपूर्वक समेट्दै सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सुधार गरी शिक्षाको प्रयोजन र सान्दर्भिकता बढाउनु,
- माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु ,
- पाठ्ययक्रमलाई समयसापेक्ष सान्दर्भिक गुणस्तरीय र प्रभावकारी बनाई सुखी र समृद्ध नगरपालिका निर्माणका लागि सक्षम, सृजनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु ,

- आवश्यकताका आधारमा पर्याप्त संख्यामा पेसाप्रति समर्पित, दक्ष र जवाफदेही शिक्षकहरूको व्यवस्था गरी बालबालिकाको सिकाइ उपलब्धिमा सुधार गर्नु,
- सबै प्रकारका सिकारुहरूको गुणस्तरीय शिक्षामा सहज पहुँच र सोको व्यवस्थापनका लागि आवश्यक कानूनी एवम्र संस्थागत संरचनाको स्थापना गर्नु,
- सम्भावित जोखिमको पूर्वानुमान गरी उक्त जोखिमबाट सुरक्षित हुनका लागि आवश्यक पूर्व तयारीका साथ बालबालिका र विद्यालयलाई सबै प्रकारका हिंसा, विभेद, प्रकोप र महामारीजन्य जोखिमबाट सुरक्षित गरी सिकाइलाई निरन्तरता दिनु,
- सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्नु ,
- बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सुधार गर्न दिवा खाजा लगायत सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत प्रदान गर्नु,
- छात्रवृत्ति तथा अन्य सहायता प्रणालीको माध्यमबाट गरिब, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग हुने गरी प्रभावकारी व्यवस्थापन गर्नु ,
- नगरपालिकाको सक्षम र प्रतिभावान जनशक्तिलाई नगरपालिकाभित्र टिकाउने गरी नगरपालिकामा उत्प्रेरणात्मक वातावरणको सिर्जना गर्नु,
- विद्यालय शिक्षाको पहुँच, सहभागिता र उपलब्धिगत सुधारका लागि शिक्षक र अभिभावक लगायतका सरोकारवालाहरुलाई शिक्षामा अपेक्षाकृत योगदान गर्नका लागि अभिप्रेरित गर्नु ,
- गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सुदृढ शैक्षिक संरचना, पर्याप्त, सक्षम र प्रतिबद्ध जनशक्ति एवम् जीवन्त अन्तरसरकार सम्बन्धको विकास गर्नु ,
- संस्थागत विद्यालयहरुको नियमन र अनुगमन गरी त्यस्ता विद्यालयहरुबाट प्रदान गरिने शिक्षालाई व्यावहारिक र राष्ट्रिय भावना अनुकूल गर्न प्रेरित गर्नु ,
- सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास अभिबृद्धि गर्नु,
- विद्यार्थीहरुको टिकाउदर तथा सिकाई उपलब्धी बृद्धि गर्नु,कक्षा छाड्ने दर र कक्षा दोहोर्‍याउने दर कम गर्नु, आधारभूत तह (कक्षा १–३) मा पठन सिपको विकास गरी शैक्षिक गुणस्तर बृद्धि गर्नु, कक्षाकोठा व्यबस्थापन, शिक्षक नियमितता, सिकाई स्थानान्तरणलाई व्यवस्थित गर्नु,
- विषम परिस्थिति (महामारी, बाढी, डुबान, अनावृष्टि, अतिबृष्टि, लू ,शीतलहर, हावाहुरी, आगलागी) मा पनि शैक्षिक क्षति नहुने गरी  शैक्षिक क्रियाकलाप सञ्चालन गर्नु,

**५. स्थानीय शिक्षा नीतिको आवश्यकता:**

समृद्ध नेपाल सुखी नेपाली भन्ने नारालाई सार्थक बनाउन प्रत्येक नेपाली जीवनोपयोगी ज्ञान, सिप र दक्षताबाट सुसज्जित र शिक्षित हुनु पहिलो सर्त हो । शिक्षा र विकास एक अर्काका परिपुरक हुन् अर्थात शिक्षा बिना विकास असम्भव प्रायः छ भन्ने आदर्शलाई आत्मसात गर्दै समग्र शिक्षा क्षेत्रको विकासका माध्यमबाट सिङ्गो समाजलाई रुपान्तरण गर्ने अभियानमा मधुवन नगरपालिका समर्पित रहेको छ । आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरण गरी देश विकास गर्न साक्षरता प्रतिशत उच्च हुनु पहिलो सर्त हो । शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो । शिक्षा विकासको मूल आधार हो । यसले मानिसलाई समुन्नत जीवन जिउनका लागि सिप र सिर्जना मात्र प्रदान गर्दैन सिर्जना र चिन्तनको दायरा समेत फराकिलो बनाएर उच्चताबाट संसारलाई नियाल्न समेत सिकाउँछ । विशिष्टरुपमा भन्नुपर्दा जीवन जिउने क्रममा सामना गर्नुपर्ने चुनौति र समस्याहरुलाई समाधान गर्नका लागि विभिन्न विकल्पहरुको बीचमा सर्वोत्तम विकल्पको छनौट गर्न मानिसलाई सक्षम बनाउछ । अभावको भुमरीभित्र पनि सम्भावनाका उर्वर फाँटहरू सिर्जना गर्ने काममा शिक्षाले योगदान गर्दछ ।

नेपालको संविधानमा निर्दिष्ट गरिएका शिक्षा सम्बन्धी मौलिक हक, राज्यको पुनःसंरचना र अधिकारको बाँडफाँड, मुलुकको आर्थिक–सामाजिक रुपान्तरणका एजेण्डा,दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता, सोह्रौं योजनाका सोच र लक्ष्य, सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्प नै नयाँ शिक्षा नीति तर्जुमाका मुल आधार हुन् ।

संघीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरुप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहूँच सुनिश्चित गर्न एवं शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउन  पालिकाको प्रस्तुत स्थानीय शिक्षा नीतिको अपरिहार्यता महसुस गरिएको हो । संघीय ढाँचा अनुरूप सरकारका तीन वटै तहमा शिक्षा प्रशासन प्रभावकारी एवं नतिजामूलक ढंगले सञ्चालन गरी जनताको शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्नका लागि समेत समयानुकुल शिक्षा नीतिको आवश्यकता परेको हो । संविधान र कानूनले विद्यालय तहसम्मको शिक्षाको जिम्मेवारी स्थानीय तहलाई सुम्पिएको सन्दर्भमा विद्यालय तहसम्मको शिक्षालाई गुणस्तरीय व्यावहारिक र स्थानीय परिवेश अनुरुप समय सान्दभिक बनाउनका लागि समेत यस मधुवन नगरपालिकालाई स्थानीय शिक्षा नीतिको आवश्यकता महसुस भएको हो ।

**६. दूरदृष्टि:**

समुन्नत मधुवन नगरपालिकाको शैक्षिक अभियान,
खुसी, स्वस्थ, शिक्षित र सिपयुक्त जनशक्तिको निर्माण ।

**७. लक्ष्य:**

सर्वसुलभ गुणस्तरीय शिक्षाको माध्यमबाट विश्वबजारमा समेत प्रतिष्पर्धा गर्न सक्ने दक्ष, सक्षम र सिपयुक्त, श्रम र उत्पादनका साथै व्यक्तिगत र राष्ट्रिय जीवनप्रति सकारात्मक एवम् मानवमूल्यमा आधारित उन्नत सोच भएका तथा आफू मधुवनवासी भएकोमा गर्व गर्ने, खुसी तथा नवप्रवर्तनशील जनशक्तिको विकास गर्ने ।

**८. उद्देश्यः**

यस योजनाको समग्र उद्देश्य शिक्षालाई अधिकारका रूपमा स्थापित गरी गुणस्तरीय विद्यालय शिक्षामा सबैको सहज पहुँच, सहभागिता र निरन्तरताको सुनिश्चितताका साथ समता र समावेशी किसिमबाट पालिकाका साथै समग्र मुलुकको समुन्नतिका निम्ति योगदान गर्ने जनशक्तिको उत्पादन गर्नेगरी परिलक्षित छ। समग्र उद्देश्यको विस्तृतीकरण गरी यस स्थानीय शिक्षा नीतिका निम्नलिखित उद्देश्यहरू निर्धारण गरिएको छः

८.१.सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु।

८.२.अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्नु।

८.३.माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु।

८.४.सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यत सिकाइको अवसर सुनिश्चित गर्नु।

८.५.सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्नु।

८.६.सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सबलीकरण गर्नु।

८.७.नागरिक समाजको नजरमा सार्वजनिक शिक्षा प्रतिको आकर्षणमा अभिबृद्धि गर्नु।

८.८.नगरपालिकामा विद्यमान सम्भाव्य स्रोत र साधनहरुको उत्खनन् र अन्वेषण गरी गाउँबासीको सुख र समृद्धिमा योगदान गर्ने उच्च शिक्षालाई प्रभावकारी बनाउनका लागि विद्यालय शिक्षालाई व्यावहारिक, जीवनोपयोगी, वैज्ञानिक र गरिखाने बनाउनु।

८.९.प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरुका लागि समावेशी एवं समतामूलक पहुँच स्थापित गर्दै नगरपालिका विकासका लागि योग्य, सक्षम, सिपयुक्त र उद्यमशील जनशक्ति तयार गर्नु।

८.१०.शिक्षाका सबै निकाय तथा शैक्षिक संस्थाहरुमा सुशासन प्रवर्धन गरी विद्यार्थीहरूको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्नु।

८.११.पाठ्यक्रमलाई सान्दर्भिक तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउने कार्यमा सहयोग गर्दै दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सृजनशील, सकारात्मक सोच तथा व्यवहार कुशलसिप भएको निरन्तर सिकाइ प्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्न योगदान गर्नु।

८.१२.समतामूलक पहुँच र समावेशी सहभागिता, लैङ्गिक रुपान्तरणमुखी शिक्षा सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु।

८.१३. शिक्षण पेशामा दक्ष उर्जाशील र प्रतिवद्ध शिक्षकको नियुक्त गरी टिकाइ राख्ने वातावरणको सिर्जना गर्नु,

८.१४.शैक्षिक क्षेत्रलाई भय, विभेद र दुर्व्यवहारमुक्त तथा सुरक्षित र विविधता अनुकूल बनाई विद्यार्थीलाई सिकाइमैत्रीका साथसाथै प्रविधिमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु।

८.१५.युग सुहाउदो जनशक्ति विकासको लागि ICT अनुकुलित वातावरण निर्माण गरी STEAM Education लाई शिक्षा प्रणालीको मेरुदण्डको रुपमा विकास गर्नु ।

## ९. नीति र रणनीतिक क्रियाकलापहरु

मधुवन नगरपालिकाको शिक्षा नीति र रणनीतिक क्रियाकलापहरु तयार गर्दा पालिकाको शिक्षाको दूरदृष्टि, लक्ष्य र उद्देश्यहरूले निर्दिष्ट गरेको बाटोमा होसियारीपूर्वक हिड्ने प्रयत्न गरिएको छ । यस नीति दस्तावेजमा रहेका कतिपय सान्दर्भिक विषयहरू संघ र प्रदेशबाट पनि कार्यान्वयन हुनेछन् भने आफ्नो अधिकार र जिम्मेवारी अन्तर्गत रहेका विषय क्षेत्रहरुको कार्यान्वयन स्थानीय तह आफैले कार्यनीति र कार्यक्रम तर्जूमा गरी पालिका आफैले कार्यान्वयन गर्ने छ । यसरी नै कतिपय साझा विषय क्षेत्रहरुको हकमा पालिकाले संघ र प्रदेश सरकारसँग सहकार्य गर्दै सम्पादन र कार्यान्वयन गर्नेछ । उल्लिखित सन्दर्भहरुलाई मध्यनजर गरी निर्माण गरिएका मधुवन नगरपालिकाका शिक्षासम्बन्धी नीति र रणनीतिक क्रियाकलापहरु देहायबमोजिमरहेका छन्:

### (क) प्रारम्भिक बालविकास र शिक्षा

**नीति ९.१ प्रारम्भिक बालविकासका लागि नीतिगत, संस्थागत तथा संरचनागत संयन्त्रको स्थापना गरी प्रारम्भिक बालविकास र शिक्षालाई प्रभावकारी बनाउने ।**

९.१.१ सरकार र अभिभावकको साझेदारीमा बालवालिकाहरुको सर्वाङ्गीण विकास एवं विद्यालय शिक्षाको पूर्व तयारीका लागि संस्थागत विद्यालय र सामुदायिक विद्यालयहरुमा सञ्चालन भइरहेको बालविकास शिक्षाको अवधिलाई समायोजन गरी कम्तिमा २ वर्षको बनाउनका लागि कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ ।

९.१.२ प्रारम्भिक बालविकासका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक तथा नैतिक क्षमताको विकासलाई सन्तुलित किसिमबाट अघि बढाउनका लागि विज्ञ मार्फत बालविकास सहजकर्तालाई मनोसामाजिक परामर्श प्रदान गरिनेछ ।

९.१.३ प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरुप बसाइ व्यवस्था र सरसफाइलाई ध्यान दिएर खेल सामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो–भिडियो सामग्रीसहित आकर्षक, मनोरञ्जनपूर्ण र बालमैत्री कक्षाकोठाको व्यवस्थापन भएको नमुना बालविकास केन्द्रको विकास गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।

९.१.४ प्रारम्भिक बालविकासका लागि संस्थागत तथा संरचनागत सुधार गर्न स्थानीय तहमा सम्बन्धित क्षेत्रका विषय विज्ञहरुको संलग्नतामा प्रारम्भिक बालविकास संयन्त्रको स्थापना गरी सहजीकरण गरिनेछ ।

९.१.५ प्रारम्भिक बालविकासको सिकाइ क्रियाकलाप सहजीकरणमा मातृभाषालाई प्राथमिकता दिई आवश्यकता अनुसार स्थानीय भाषाको प्रयोगलाई समेत जोड दिइनेछ ।

**नीति ९.२. संघ र स्थानीय सरकारसँगको सहकार्यको आधारमा सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभव सहितको निःशुल्क आधारभूत शिक्षामा भर्ना गराउने ।**

९.२.१ प्रारम्भिक बालविकास तथा शिक्षा (पूर्व प्राथमिक शिक्षा) को अनुभव नलिई कक्षा एकमा भर्ना हुनेको प्रतिशतलाई सून्यमा झार्नका लागि विद्यालयमा आधारित, समुदायमा आधारित तथा घर परिवारमा आधारित विभिन्न प्रकारका प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रबन्ध गरिनेछ।

९.२.२ प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रुपमा विकास गरी यो तहको शिक्षालाई आवश्यक कानुन बनाई सबै बालबालिकाको लागि निःशुल्क र अनिवार्य गरिनेछ।

९.२.३ अपाङ्गता भएका बालबालिकालाई सहयोग गर्न र खास गरी जटिल अपाङ्गता भएका बालबालिकालाई लक्षित गरी विशिष्टीकृत घरमा आधारित प्रारम्भिक बाल शिक्षा स्थापना र सञ्चालन लगायत अपाङ्गताको पहिचान गरी उपचारका लागि सिफारिस गर्ने संयन्त्रको विकास गरी कार्यान्वयन गरिनेछ।

९.२.४ प्रारम्भिक बालविकास तथा शिक्षालाई बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित हुने गरी सक्षम र समर्पित जनशक्ति र आवश्यक स्रोत साधनको व्यवस्था गरी गुणस्तरीय र प्रभावकारी बनाइनेछ।

९.२.५ लक्षित उमेरका सबै बालबालिकालाई प्रारम्भिक बालविकासको अवसर सुनिश्चित गर्नका लागि संघ, प्रदेश र सङ्घसंस्थाहरुसँग समन्वय र सहकार्य गरी उपयुक्त वातावरण सिर्जना गरिनेछ ।

९.२.६ प्रारम्भिक बालविकास सम्बन्धी मौजुदा संघीय नीति, ऐन र कानुनको मर्म र स्थानीय तहको मौलिक आवश्यकताका आधारमा कानुनी सामन्जस्यता ल्याउने काममा योगदान गर्दै कक्षा १ मा भर्ना हुनका लागि बालविकास शिक्षाको अनुभवलाई अनिवार्य रुपमा कार्यान्वयन गरिनेछ।

**नीति ९.३ स्थानीय तहले विभिन्न संघसंस्थासँग समन्वय गरी नगरपालिकाको सबै क्षेत्रमा रहेका प्रारम्भिक बालविकास केन्द्रमा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्ने वातावरण सिर्जना गर्ने ।**

९.३.१ प्रारम्भिक बालविकास शिक्षाको प्रभावकारिता अभिवृद्धिका लागि स्थानीय स्तरमा उपलब्ध कम मूल्यका ( No cost , Low cost ) स्रोत साधनको प्रयोग मार्फत शैक्षिक सामग्री उत्पादन, संरक्षण र प्रभावकारी उपयोग गरी बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड ( Early Learning and Development Standards-ELDS ) को कार्यान्वयनको सुनिश्चित गरिनेछ।

९.३.२ लागत साझेदारीका आधारमा कम्तिमा एक विद्यालय, एक बालविकास केन्द्रको अवधारणा सहित बालविकास केन्द्रको पुनर्वितरण र विस्तार गरिनेछ।

९.३.३ प्रारम्भिक बालविकासमा दक्ष र बालबालिका प्रति समर्पित मानव स्रोत र पर्याप्त भौतिक एवम् आर्थिक स्रोतको व्यवस्था गरिनेछ।

९.३.४ प्रारम्भिक बालविकास/पूर्व प्राथमिक शिक्षा कार्यक्रम सञ्चालन भएका प्रत्येक विद्यालयमा कम्तिमा एक जना ३-४ वर्षको बालबालिकाको रेखदेख गर्ने शिशु स्याहार सहजकर्ता र ४-५ वर्षको बालबालिकालाई रेखदेख हेर्ने बालविकास सहजकर्ताको व्यवस्थापन गरी सो को कार्यान्वयन गरिनेछ।

**नीति ९.४. प्रारम्भिक बालविकास उमेरका बालबालिकाहरुका लागि अभिभावकहरुसँगको पोषण एवम् स्वास्थ्य सुरक्षाको उपयुक्त व्यवस्था गर्ने।**

९.४.१ नगरपालिकाको अगुवाईमा स्वास्थ्य, पोषण शिक्षा र सुरक्षामा एकीकृत पद्धतिबाट विद्यालयमा बालबालिकाका लागि प्रारम्भिक बालविकास बहुक्षेत्रीय पोषणकार्यक्रम संचालन गरिनेछ ।

९.४.२ बालविकास उमेरका आफ्ना सन्ततिहरुलाई अनिवार्य रुपमा बालविकास तथा शिक्षामा भर्ना गर्न र घरायसी वातावरणलाई बालमैत्री बनाउन आवश्यक कानुन बनाई अभिभावकलाई जिम्मेवार बनाउन 'सन्ततिको समुन्नतिका लागि अभिभावक शिक्षा, भन्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

९.४.३ बालबालिकाको घरायसी वातावरणलाई बालमैत्री बनाउदै बालबालिकाको समुचित विकासमा स्थानीय तह, आमा, बुवा, परिवार, संरक्षक तथा समुदायको सक्रीय संलग्नता सुनिश्चित गरिनेछ।

**(ख) आधारभूत शिक्षा**

**नीति ९.५. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने।**

९.५.१ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न प्रदेश र संघीय सरकारसँग समेत समन्वय र सहकार्य गर्दै आवश्यक कानून तर्जुमाका साथै आवश्यक स्रोतको व्यवस्था मिलाइनेछ।

९.५.२ प्रत्येक विद्यालयसँगको सहकार्यमा शैक्षिक सत्रको प्रारम्भमा सेवाक्षेत्रभित्र विद्यार्थी भर्ना अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

९.५.३ आधारभूत विद्यालय उमेरका आफ्ना परिवारका बालबालिकाहरुलाई विद्यालयमा भर्ना नगराएमा नगरपालिका तथा सम्बन्धित वडाबाट प्राप्त हुने सेवा सुविधाबाट बञ्चित गरिने तर्फ अभिभावकलाई सजग गराइनेछ।

९.५.४ घरधुरी सर्वेक्षण मार्फत बालबालिकाहरुको पहिचान गरी उनीहरूको आधारभूत तहको शिक्षामा पहुँच सनिश्चित गरिनेछ ।

९.५.५ आधारभूत शिक्षामा सबैको अपनत्व बृद्धि गरी गुणस्तरीय शिक्षा प्रदान गर्न मधुवन गाउँपलिकामा स्थायी बसोबास गर्ने शिक्षक, कर्मचारी, जनप्रतिनिधी, वि व्य. स, शिक्षक अभिभावक संघका पदाधिकारीहरुलाई आफ्ना छोरा छोरी सामुदायिक विद्यालयमा अनिवार्य भर्ना गर्न गराउन कार्यविधि बनाइ लागु गरिनेछ ।

९.५.६ आधारभूत विद्यालय उमेरका बालबालिकाहरुलाई आधारभूत तहको शिक्षा पूरा गर्ने अवस्थाको सुनिश्चितताका लागि अभिभावक, सरोकारवाला र सञ्चार माध्यमसँग सहकार्य गरिने छ ।

९.५.७ विद्यालय वाहिर रहेका बालबालिकालाई विद्यालय भर्ना गर्न र विद्यालयमा विद्यार्थी टिकाइ राख्नका लागि आधारभूत तहमा अध्ययन गर्ने आर्थिकरुपले विपन्न दलित, विपन्न जनजाति, विपन्न सिमान्तिकृत, विपन्न द्वन्द्वपिडित तथा कठिन परिस्थितिमा रहेका अभिभावकका बालबालिकाहरुलाई उनीहरुको अवसर लागत )Opportunity cost) लाई समेत दृष्टिगत गरी छात्रवृत्ति र प्रोत्साहन कार्यक्रम सरल र सहज रुपमा उपलव्ध गराउनुका साथै स्वास्थ्य परीक्षण र उपचारजस्ता सेवाहरु उपलब्ध गराउन आवश्यक कार्य गरिनेछ । आधारभूत तहको शिक्षा मातृभाषामा प्राप्त गर्ने बालबालिकाको मौलिक हकलाई सुनिश्चित गरिनेछ।

९.५.८ आधारभूत शिक्षालाई कानूनी रुपमा अनिवार्य गर्न सहयोग पुग्ने गरी यस नगरपालिकामा सरकारी ढुकुटीबाट तलवभत्ता खाने कुनै पनि जागिरेको न्यूनतम शैक्षिक योग्यता आधारभूत शिक्षा उत्तीर्ण हुनु पर्ने प्रावधानको कानूनी रुपमा व्यवस्थापन गरी सोको प्रभावकारी कार्यान्वयन गरिनेछ।

**नीति ९.६. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धी हाँसिल हुने अवस्था सुनिश्चित गर्ने।**

९.६.१ आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धी हाँसिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापकप्रति र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने प्रणाली विकास गरिनेछ ।

९.६.२ सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउने सवालमा आवश्यक लगानीको प्रबन्ध गर्न संघीय सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वय गरी तत्सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

९.६.३ निश्चित समयको अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धी परीक्षणमार्फत जवाफदेहिता सुनिश्चिताका लागि सुधारका क्षेत्र पहिचान गरी कार्यान्वयन गरिनेछ ।

९.६.४ आधारभूत शिक्षालाई प्रभावकारी रुपमा कार्यान्वयन लगायत विद्यालयमा रचनात्मक शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालनका लागि विद्यालयको प्रस्तावनाका आधारमा अनुदान उपलब्ध गराउने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

**नीति ९.७ आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने ।**

९.७.१ सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित पुस्तकालय, बुक कर्नर जस्ता न्यूनतम भौतिक र शैक्षिक सुविधा उपलब्ध गराइ बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरणको सुनिश्चितता प्रदान गरिनेछ ।

९.७.२ विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्नका लागि स्थानीय स्वास्थ्य इकाइ तथा संघ संस्थाको सहकार्यमा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।

९.७.३ तीनै तहका सरकारको सहकार्यमा स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धलाई थप व्यवस्थित गरी विद्यालयहरुमा दिवा खाजाको व्यवस्थापन गरिनेछ ।

९.७.४ विद्यालयमा जङकफुड, मध्यपान, धुमपान पूर्णरुपमा निषेध गरिनुका साथै विद्यालय क्षेत्रको कम्तिमा १०० मिटर वरपर बेचबिखन गर्न रोक लगाइनेछ।

९.७.५ संघ र प्रदेश सरकारसँग समेत समन्वय र सहकार्य गरी विद्यार्थीलाई विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श प्रदान गरिनेछ।

९.७.६ विद्यालय शिक्षालाई प्रकोप संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील ,(Resilient) र शिक्षण संस्थाहरुलाई प्रविधिससम्बन्धी सीप र साधनसहितको भौतिक पूर्वाधार सम्पन्न बनाउनुका साथै विद्यालयलाई बहुप्रकारका विपद्प्रति संवेदनशील र अपांगमैत्री बनाउने कार्यको प्रभावकारी कार्यान्वयन गरिनेछ।

**नीति ९.८. आधारभूत शिक्षाको शैक्षिक गुणस्तर अभिवृद्धि सुनिश्चित गर्ने।**

**९.८.१** मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याउने किसिमले विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराउँदै सिकाइमा सुधार ल्याउने अवस्था सिजर्ना गर्न कक्षाकोठा र प्रयोगात्मक कार्यमा आधारित मल्याङ्कनसंग सम्बन्धित क्षमताको विकास गरिनेछ ।

**९.८.२** शिक्षण सिकाइ विधिमा समेत आवश्यक परिमार्जन गर्दै कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गरिनेछ र यसका लागि आवश्यक पर्ने प्रविधि, शिक्षक तालिम तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।

**९.८.३** आधारभूत तहको कक्षा ५ र कक्षा ८ को वार्षिक परीक्षा नगरपालिका स्तरमा सञ्चालन गरी परीक्षाको नतिजा र निश्चित मानकका आधारमा मूल्याङ्कन गरी प्रत्येक वर्ष उत्कृष्ट शिक्षकहरु छनौट गरी पुरस्कृत गरिनेछ ।

**९.८.४** कक्षा १ देखि कक्षा ३ सम्म विद्यार्थी सङ्ख्या न्यून भएका र समायोजन गर्न पनि दूरीको हिसावले असहज देखिएका विद्यालयहरुमा शिक्षकलाई प्रोत्साहन रकम प्रदान गरेर एकल शिक्षक विद्यालय सञ्चालनका लागि व्यवस्थापन गरिनेछ।

**९.८.५** शिक्षक होइन कि अनुदान देउ हामी चाहेको गुणस्तर दिन सक्छौं भन्ने स्थानीय तहका केही विद्यालयहरुलाई शिक्षक दरबन्दीको सट्टा अनुदान उपलब्ध गराइ नमूनाका रुपमा सञ्चालन गर्न अभिप्रेरित गरिनेछ।

**९.८.६** सबै विद्यालयहरुलाई सरोकारवालाहरुको व्यापक सहभागितामा विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्न लगाइ सोही योजनाका आधारमा विद्यालयहरुमा स्थानीय स्रोतसाधन परिचालन गरिनेछ।

**नीति ९.९ आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउदै अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।**

९.९.१ राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूप सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनका लागि व्यवहार कुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्नुका साथै अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने गरी सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन तथा सुधार गर्ने कार्यमा समन्वय र सहजीकरण गरिनेछ ।

९.९.२ राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्दिष्ट गरेअनसुार विद्यालय शिक्षालाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउनका लागि स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनुकूलको माध्यम भाषाको उपयोग तथा सामाजिक र सांस्कृतिक विविधताको सम्मान र समावेशीकरण हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रियाको प्रयोग गरिनेछ ।

९.९.३ राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्दिष्ट गरेअनसार शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन प्रणालीलाई परियोजना कार्य, प्रयोगात्मक कार्य र अनुभव एवम् अनुभूतिजन्य कार्यबाट सिक्ने गरी क्रियाकलापहरुको विकास एवम् सोको अभ्यास गर्ने कार्यलाई प्रभावकारी बनाउन आवश्यक व्यवस्थापन गरिनेछ।

**(ग) माध्यमिक शिक्षा**

**नीति ९.१० माध्यमिक शिक्षामा सबैको पहुँच र विद्यार्थी टिकाउदर अभिबृद्धि गर्ने ।**

९.१०.१ माध्यमिक शिक्षा प्राप्त गर्ने उमेर भएका सबैका लागि पहुँच सुनिश्चित गर्न र टिकाउ दर बढाउन विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

९.१०.२ संघीय मापदण्ड अनुसार नगरपालिकाले आवश्यक समन्वय गरी विद्यालय नक्साङ्कन मार्फत माध्यमिक विद्यालयको स्थापना गर्नेछ।

९.१०.३ नगरपालिकाले सर्वेक्षण गरी बहुआयामिक गरिबीको क्षेत्रभित्र परेका आर्थिक रुपले विपन्नहरुका लागि अवाश्यकताको आधारमा साधारण, प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षामा समन्यायिक अवसर प्रदान गर्न विद्यार्थी वित्तीय सहायता कोष स्थापना गरी लागु गरिनेछ ।

९.१०.४ विद्यार्थीको नियमितता र टिकाउदर बढाउन तथा कक्षा छाड्ने दर न्युनिकरण गर्न शिक्षक , वि.व्य.स., शि. अ. संघ र जनप्रतिनिधिको प्रतिनिधित्व रहेको अभिभावक समन्वय टिम बनाइ अभियान सञ्चालन गरिनेछ ।

९.१०.५ विद्यार्थीको रुचि र आवश्यकतालाई मध्यनजर गरी उनीहरुकै संलग्नतामा सम्पादन हुने गरी व्यावहारिक किसिमले शिक्षण सिकाइ क्रियाकलापहरुको ढाँचा तयार गरी कार्यान्वयन गरिनेछ।

**नीति ९.११ विद्यार्थीहरुको रुचि र आवश्यकताका आधारमा आफ्नै पालिकामा माध्यमिक तहको प्राविधिक तथा व्यावसायिक शिक्षा अध्यनयनका लागि अवसर प्रदान गर्ने।**

९.११.१ पालिकामा हाल सञ्चालनमा रहेका माध्यमिक विद्यालयहरुको संभाव्यता अध्ययन गरी प्राविधिक धारतर्फको शिक्षा सञ्चालनका लागि अभिप्रेरित गरिनेछ।

९.११.२ सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनकालागि आकर्षण बढाउन पर्याप्त पूर्वाधार सहित विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ।

९.११.३ नगरपालिकाका प्रतिभाशाली विद्यार्थीलाई योग्यताका आधारमा माध्यमिक शिक्षाको प्राविधिक धारमा अध्ययन गर्नका लागि सहयोग प्रदान गर्ने कार्यक्रमको थालनी गरिनेछ।

**नीति ९.१२ माध्यमिक शिक्षालाई 'पढ्दै कमाउँदै' को अवधारणा अनुसार विद्यालय परिवेश सुहाउँदो एक विद्यालय एक कार्यक्रम मार्फत विद्यार्थीमा अत्मनिर्भरता र श्रम प्रति सम्मान गर्ने भावनाको विकास गर्ने।**

९.१२.१ सिकाइ र सीपको तादात्म्यता मिलाइ आर्थिक सबलीकरण गर्न विद्यालयको परिवेश र स्रोत साधनको उपलब्धताको आधारमा कृषि, तरकारी, फलफूल, मेकानिक्स, सिलाइ बुनाइ, कुक, पशुपंक्षी पालन जस्ता कार्यक्रम लागु गरिनेछ ।

९.१२.२ सैद्धान्तिक तथा प्राज्ञिक ज्ञानलाई गरी खाने शिक्षाको रुपमा रुपान्तरण गर्न आवश्यक व्यवस्था मिलाइने छ।

९.१२.३ स्रोतको सुनिश्चितता सहित पढ्दै कमाउदै कार्यक्रम अन्तरगत हासिल गरेका सीप र दक्षता उल्लेख भएको सीप प्रमाणपत्र (Skill certificate) उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

९.१२.४ पढ्दै कमाउदै कार्यक्रमलाई विद्यार्थीहरुको आन्तरिक मूल्याङ्कन कार्यसँग जोडी विद्यार्थीहरुमा व्यावसायिक सीप प्रवर्धन गर्न विद्यार्थी ऋण सहुलियत कार्यक्रम समेत विकास गरी लागू गरिनेछ।

**नीति ९.१३ माध्यमिक शिक्षालाई नगरपालिकाको मौलिक ज्ञान, सिप, नैतिक मूल्य , स्वाभिमानी एवम् स्वयमसेवी भावना, साँस्कृतिक विविधता र पहिचानको आधारस्तम्भको रुपमा स्थापित गर्ने।**

९.१३.१ माध्यमिक तहमा पठनपाठन हुने विषयका साथसाथै मानव मूल्य, स्थानीय संस्कृति, पूर्वीय दर्शनमा आधारित विषयवस्तुलाई सिकाइमा अन्तरघुलन गरी सेवाभावले ओतप्रोत नैतिकवान, इमान्दार र खुसी नागरिक उत्पादन गर्ने सवाललाई उच्च प्राथमिकता दिइनेछ।

९.१३.२ स्थानीय भाषा तथा सँस्कृति, इतिहास सम्बन्धी स्थानीय भौगोलिक परिवेश सुहाउँदो ज्ञान तथा सिप समावेश गरी जीवनोपयोगी सीपसंग आबद्ध गरिनेछ ।

९.१३.३ स्थानीय तहले विद्यालयसंग समन्वय गरी माध्यमिक तहको कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुलाई प्रकोप, संकट तथा महामारी लगायतका विपतको बेला स्वयम् सेवा गर्ने गरी आवश्यक पूर्व अभ्यासका कार्यक्रम सञ्चालन गरिने छ ।

**नीति ९.१४ निजी लगानीमा सञ्चालनमा आएका माध्यमिक विद्यालयको प्रभावकारी नियमन गरी नाफामूलकबाट सेवामूलकमा रुपान्तरण गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गर्ने।**

९.१४.१ निजी लगानीका विद्यालयहरुको प्रभावकारीताका लागि आवश्यक नीतिगत र कानूनी व्यवस्था गरी त्यस्ता शैक्षिक संस्थाहरुलाई सेवामूलक बनाउन सघ एवम् प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

९.१४.२ निजी लगानीका विद्यालयहरुसँग उनीहरुको बारेमा कुनै पनि निर्णयहरु सम्पादन गर्दा उनीहरुको सहभागिता र सहमतिलाई प्रमुख आधार बनाइनेछ।

९.१४.३ स्थानीय तहद्धारा निजी लगानीका विद्यालयहरुको पाठ्यक्रम, भौतिक वातावरण, शिक्षक तथा कर्मचारी एवम् आर्थिक व्यवस्थापन लगायतका विषयमा नियमन गरिनेछ ।

**नीति ९.१५ उच्च शिक्षा अध्ययनका लागि विषयगत लम्बीय सम्बन्ध र आधार स्थापित हुने गरी नगरपालिकाका माध्यमिक विद्यालयहरुमा ऐच्छिक विषयको पठन पाठनमा विविधता ल्याउने।**

९.१५.१ विषय र विधिका हिसावले विद्यालय शिक्षादेखिनै विज्ञान, प्रविधि, ईन्जिनियर, कला र गणित (STEAM) को सिकाइलाई अन्तरसम्बन्धित गर्दै लगिने छ।

९.१५.२ सबै जसो माध्यमिक विद्यालयहरुमा ऐच्छिक विषयको पठन पाठनमा विविधता ल्याउन विषयगत दक्षता हासिल गरेका शिक्षकहरुको समन्यायिक व्यवस्थापन मिलाइने छ।

९.१५.३ पालिकाभित्र स्रोत र साधनका हिसावले समेत सबै माध्यमिक विद्यालयहरुमा सबै किसिमका विषयहरुको पठनपाठन नगरी माध्यमिक विद्यालयहरुमा पठनपाठन हुने ऐच्छिक विषयहरुलाई माध्यमिक विद्यालय अनुसार फरक विद्यालयमा फरक विषय पठनपाठन हुने गरी आवश्यक व्यवस्थापन गरिनेछ।

**नीति ९.१६ माध्यमिक विद्यालयमा भौतिक तथा शैक्षिक पूर्वाधार, शिक्षण सिकाइ प्रक्रिया र सिकाइ वातावरणमा सुधार गरी गुणस्तर अभिबृद्धि गर्ने ।**

९.१६.१ कक्षाकोठाको वातावरण सिकाइमैत्री, बालमैत्री र अपाङ्गमैत्री हुनुका साथै छापामय बनाउन आवश्यक पहल गरिनेछ ।

९.१६.२ विद्यालयहरुमा कम्प्युटर ल्याव, पुस्तकालय, विज्ञान प्रयोगशाला बनाउन थप कक्षाकोठा र सामग्रीको व्यवस्था मिलाइनेछ।

९.१६.३ हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्दै डिजिटल डिभाईड कम गरिने र शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि बढाइने छ।

९.१६.४ माध्यमिक तहमा (STEAM-Approach) को माध्यमबाट विद्यार्थीहरुमा व्यवहार कुशल सिपको विकास गर्ने व्यवस्था मिलाइनेछ।

९.१६.५ संघीय सरकार, प्रदेश सरकारबाट नमुना विद्यालयको रूपमा छनोट भएका विद्यालयका साथै नगरपालिका आफैले समेत एक वडामा एक विद्यालयलाई अनुकरणीय विद्यालय घोषित गरी तिनका नमुनायोग्य कार्यलाई अन्य फिडर विद्यालयहरुमा पनि लागु गर्न आवश्यक स्रोत सामग्री सहित पहल गरिनेछ ।

९.१६.६ विद्यालयको गुणस्तरीय शैक्षिक विकास तथा व्यवस्थापनका लागि विभिन्न संघ संस्था, अभिभावक लगायत सम्पुर्ण सरोकारवालाको अपनत्व बृद्धि गराइनेछ।

९.१६.७ माध्यमिक तहका कक्षाहरुमा विषयगत सिकाइको सहजता र सम्बन्ध स्थापित गर्न कक्षागत कक्षाकोठाका अतिरिक्त विषयगत सिकाइ कक्षाकोठा तयार गरी सहजीकरण गरिनेछ ।

९.१६.८ माध्यमिक तहका कक्षाहरुमा विद्यार्थीहरुलाई आफ्नो सिकाइ उपलब्धि सुधारका लागि आफैले योजना निर्माण (Planning of Learning Achievement by Students- PLAS) गरी अध्ययन गर्ने कार्यालाई कार्यान्वयन गरिनेछ ।

९.१६.९ माध्यमिक विद्यालयहरूलाई नियमन एवम् पुरष्कृत गर्न सङ्घ र प्रदेशसंग समन्वय गरी उत्तरदायित्व र कार्यसम्पादन परीक्षण पद्धति लागू गरिनेछ।

९.१६.१० विद्यालय (संस्थागत समेत)हरुको नियमन, अनुगमन र सुपरीवेक्षण गरी बस्तुगत प्रतिवेदन उलब्ध गराउन र विद्यालयहरुले गरेको राम्रा अभ्यासहरुलाई सामुदायिक र संस्थागत विद्यालयहरुको बीचमा आदानप्रदान गर्नका लागि विशेषज्ञ सम्मिलित शिक्षाका निवृत्त अधिकृत, निवृत्त प्रधानाध्यापक र निवृत्त शिक्षक सहितको तेश्रोपक्षसँग सम्झौता गरी अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ।

**(घ) अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ**

**नीति ९.१७ विविध कारणबस यस नगरपालिकाभित्र औपचारिक शिक्षाको अवसरबाट वञ्चित वा बीचैमा पढाइ छाडेका नवसाक्षर र निरक्षर सबै टोलवासी नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने ।**

९.१७.१ साक्षर मधुवनलाई पूर्ण साक्षर एवम् शिक्षित मधुवन बनाउनका लागि साक्षरता र आजीवन सिकाइका कार्यक्रम सञ्चालन गरिनेछ ।

९.१७.२ मधुवन नगरपालिकाभित्र विविध कारणवश औपचारिक शिक्षाबाट वञ्चित विभिन्न उमेर समूहका नागरिकहरुको तथ्याङ्क सङकलन गर्न प्रत्येक वडाभित्रका माध्यमिक र आधारभूत विद्यालयका विद्यार्थीहरुलाई परियोजना कार्य मार्फत परिचालन गरिनेछ।

९.१७.३ विद्यालयका अभिभावक गोष्ठीमार्फत नवसाक्षर र निरक्षर नागरिकहरलाई चेतनामूलक साक्षरता कार्यकम सञ्चालन गरिने छ ।

९.१७.४ साक्षरता सिकाइका लागि स्थानीय रेडियो, टेलिभिजन, विभिन्न मोबाइल एप, अनलाइन जस्ता सञ्चार प्रविधि,सार्वजनिक पुस्तकालय,सामुदायिक सिकाइ केन्द्रमा पहुँचको अभिवृद्धि गरिनेछ ।

९.१७.५ नगरपालिकाका, विभिन्न सहकारी वित्तीय संस्था, विभिन्न आमा समूह, इको क्लब, वन उपभोक्ता समूह, बालक्लव, रेडक्रस, स्काउट र सरकारी तथा गैरसरकारी संघसस्था र अन्य साझेदारहरु परिचालन गरी साक्षरता र निरन्तर शिक्षाको निम्ति नागरिकहरुलाई अभिप्रेरित गरिनेछ ।

९.१७.६ नागरिक समाज, आमा समूह, बालक्लव, युवाक्लव तथा अन्य स्थानीय  सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरी नगरपालिकालाई पूर्ण साक्षर नगरपालिकाको सुनिश्चितताको घोषणा गरिनेछ।

**नीति ९.१८ अनौपचारिक, खुला र निरन्तर शिक्षाका माध्यमबाट प्राप्त ज्ञान र सिपलाई दैनिक जीवनसँग जोडदै औपचारिक शिक्षाको समकक्षताको विकास र विस्तार गर्ने।**

९.१८.१ अनौपचारिक शिक्षालाई आवश्यकतानुसार सूचना र सञ्चार प्रविधिको प्रयोग गरी दूर तथा खुला र प्रत्यक्ष एवम् ई–पत्राचार आदिको माध्यमबाट सञ्चालन गरिनेछ ।

९.१८.२ अनौपचारिक एवं आजीवन सिकाइका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारबीच स्रोत साझेदारीको प्रारुप विकास गरी लागु गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

९.१८.३ राष्ट्रिय योग्यता प्रारुप अनुसार औपचारिक, अनौपचारिक र अरितिक शिक्षाबीच समकक्षताको लागि निर्माण गरिएका नीति, ऐन, नियमावली, निर्देशिका र मापदण्डको कार्यान्वियन गर्न संघीय र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

९.१८.४ अनौपचारिक शिक्षाको सञ्चालन र व्यवस्थापन पालिकाको समन्वयमा वडाले गर्नेछ र सोको प्रत्यक्ष सुपरीवेक्षण अनुगमन, मूल्याङ्कन र नियमन पालिकाले गर्नेछ ।

**नीतिः९.१९ पठन संस्कृतिको विकास र निरन्तर शिक्षाको अभिन्न अङ्गको रुपमा नगरपालिकाले सार्वजनिक पुस्तकालय र सामुदयिक सिकाइ केन्द्र स्थापना, क्षमता अभिवृद्धि, व्यवस्थापन र सञ्चालन गर्ने।**

९.१९.१ सार्वजनिक पुस्तकालयलाई संघ र प्रदेशसँगको समन्वयमा सूचना तथा संञ्चार, प्रविधियुक्त बनाई क्षमता अभिवृद्धि गरिनेछ ।

९.१९.२ पुस्तकालयलाई आत्मनिर्भर बनाउँदै सार्वजनिक पुस्तकालयलाई पालिकाका सबै वडाहरुमा स्याटलाईट पुस्तकालय तथा घुम्ती पुस्तकालय सेवा सञ्चालन गरिनेछ ।

९.१९.३ नगरपालिका भित्रका सबै विद्यालयमा तह र कक्षाअनुसार सन्दर्भ सामग्री सहितका पुस्तकालयहरु स्थापना गरिनेछ ।

९.१९.४ आजीवन सिकाइ तथा निरन्तर शिक्षालाई प्रभावकारी रुपमा सञ्चालनका लागि प्रत्येक वडामा साधन र स्रोतसम्पन्न सामुदायिक सिकाइ केन्द्रको स्थापना, क्षमतावृद्धि, विस्तार र सुदृढीकरण गरिनेछ ।

**नीति ९.२० नगरपालिकाका विभिन्न उमेर समूहका व्यक्तिहरुलाई आवश्कतानुसार व्यवहारिक ज्ञान, सिप र सूचना प्रदान गर्ने ।**

९.२०.१ विभिन्न समुदायलाई कामको समय, उनीहरुको व्यवहार र कामको प्रकृति हेरी अनौपचारिक शिक्षामा सहभागी गराईनेछ ।

९.२०.२ व्यावहारिक शिक्षालाई वैयक्तिक विकास, सामाजिक सहभागिता एवम् कार्यथलोमा सफलता प्राप्तिका लागि अपनाइने अन्तरवैयक्तिक सामाजिक र संवेगात्मक कार्यकुशलता र सिपसँग जोडिनेछ ।

९.२०.३ व्यवहारिक सिप र साक्षरताका क्षेत्र (7Rs) पढाइ (Reading) लेखाइ (Writing) अङकगण्ति (Arithmetic) अधिकार (Right) उत्तरदायित्व(Responsibility) अन्तरसम्बन्ध (Relationship) मनोरञ्जन (Recreation) लाई अन्योन्याश्रित बनाई कार्यमूलक साक्षरता सिपसँग जोडिनेछ ।

९.२०.४ नगरपालिका क्षेत्रका विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक कार्यक्रमहरू (वैकल्पिक, अनौपचारिक, खुला, परम्परागत शिक्षा तथा सिकाइ, लक्षित कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम, आवासीय सुविधा आदि ) सञ्चालन गरिनेछ ।

**(ङ) प्राविधिक तथा व्यावसायिक शिक्षा**

**नीति ९.२१ प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र विस्तार गरी क्षमता विस्तार गर्ने ।**

९.२१.१ नगरपालिकाभित्र प्राविधिक तथा व्यावसायिक शिक्षाको सम्भाव्यता अध्ययन गरिनेछ ।

९.२१.२ प्राविधिक तथा व्यावसायिक शिक्षाका क्षेत्रमा आवश्यक जनशक्ति उत्पादनका लागि स्थानीय विद्यालय, प्रदेश प्राविधिक शिक्षालय तथा संघीय र प्रदेश विश्वविद्यालयसँग सहकार्य गरिनेछ ।

९.२१.३ प्राविधिक शिक्षाका गतिविधिलाई प्रयोगात्मक, व्यावहारिक र समयानुकूल बनाउन शैक्षिक संस्थाले उद्योग, व्यापार, विभिन्न संघसंस्था लगायतका सरोकारवाला र समूदायसँग सहकार्य र लागत साझेदारी गर्ने प्रबन्ध गरिनेछ ।

९.२१.४ पालिकाभित्रका विद्यालयमा सम्भाव्यताका आधारमा विद्यालयको हावापानी, परिवेश, स्थानीय माग र क्षमताका आधारमा प्राविधिक धार तथा व्यावसायिक सीप विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

९.२१.५ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले तयार गरेका प्राविधिक र व्यावसायिक धारका कार्यक्रमहरुलाई नगरपालिकाको आवश्यकता, सम्भाव्यता र मौलिकताअनुकूल हुनेगरी छनौट गरेर सञ्चालन गर्न नगरपालिकास्तरमा विशेषज्ञहरु समेत भएको प्राविधिक तथा व्यावसायिक शिक्षा व्यवस्थापन एकाइको गठन गरी कार्य सञ्चालन गरिनेछ ।

९.२१.६ प्राथमिकताका आधारमा कृषि, विज्ञान तथा प्रविधि, इलिक्ट्रोनिक, इलेक्ट्रिसिटी, चिकित्साविज्ञान आयुर्वेदिक, पर्यटन, इन्जिनियरिङ, नवीकरणीय उर्जा, अटोमोबाइल, पेन्टिङ, प्लम्विङ, शैलुन, सेकुरिटी गार्ड, उद्योग तथा व्यापार आदिमध्ये आवश्यकताका आधारमा सबै वा केही प्राविधिक विषयक्षेत्रलाई समेटिने गरी नगरपालिकाभित्र छोटो एवम् लामो अविधका तालिम कार्यक्रम सञ्चालन

गर्नका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक संस्थाहरुको स्थापना र सञ्चालन गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

**नीति ९.२२ प्राविधिक, व्यावसायिक र सिपमूलक शिक्षामार्फत आयआर्जन र रोजगारीका अवसर बृद्धि गर्ने ।**

९.२२.१ नवीन प्रविधि, व्यावसायिक दक्षता र परम्परागत सिपलाई आवश्यकता अनुसार एकीकृत गरी आयआर्जन तथा रोजगारीका अवसर बृद्धि गरिनेछ ।

९.२२.२ परम्परागत तथा पुर्ख्यौली सिप तथा व्यवसायलाई आधुनिक प्रविधिमार्फत स्थापित गर्दै परम्परागत व्यावसायिक सिपलाई प्रमाणीकरण गर्न संघीय र प्रदेशका त्यस सम्बन्धी संस्थागत संयन्त्रसँग सहकार्य गरिनेछ ।

९.२२.३ पालिकाको केन्द्र वा पायक पर्ने स्थानमा प्राविधिक, व्यावसायिक र सिपमूलक शिक्षार्थीहरुबाट उत्पादित सामग्रीहरुको बजारिकरणका लागि नगरपालिकाको अनुदानमा सुपथ मूल्य पसल सञ्चालन गरिनेछ र त्यसको सुरुवात पालिका भित्रका समग्र सामुदायिक विद्यालयका विद्यार्थीहरुको पोसाकको एकरुपताका लागि पालिकाको सहकार्यमा सहकारी मार्फत  गार्मेन्ट उद्योग स्थापना गरी सुरुवात गरिनेछ ।

९.२२.४ नगरपालिकाको अगुवाइमा विद्यालय तहसम्मको प्राविधिक शिक्षालाई क्रमशः प्रविधिमैत्री र निःशुल्क गर्दै लगिनेछ ।

**नीतिः ९.२३ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरुलाई समतामूलक पहुँच स्थापित गर्दै देश विकासका लागि योग्य, सक्षम, सिपयुक्त र उद्यमशील जनशक्ति उत्पादन गर्ने ।**

९.२३.१ निजी क्षेत्रका रोजगारदाता संघसंस्थाहरुको साझेदारीमा औद्योगिक सिप विकास कार्यक्रम, इन्टर्नसीप र अन द जब ट्रेनिङग संञ्चालन गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

९.२३.२ आर्थिक,सामाजिक तथा सांस्कृतिक कारणले पछि परेका समुदाय र अपाङगता भएका व्यक्तिहरुको प्राविधिक शिक्षाको आवश्यकता पूरा गर्न समावेशी शिक्षा एवं विशेष शिक्षाका कार्यक्रमहरु संञ्चालन गरिनेछ ।

९.२३.३ प्राविधिक तथा व्यावसायिक शिक्षामा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेटन विशेष सहुलियत दिने नीति अबलम्बन गर्न संङघ र प्रदेशसँग समन्वय र सहकार्य गरिनेछ ।

९.२३.४ नगरपालिकामा सञ्चालनका रहेका सबै प्राविधिक शिक्षा सञ्चालन गरेका विद्यालयहरुलाई त्यहाँ अध्ययनरत विद्यार्थी सङख्या र छात्रवृत्ति वितरणसम्बन्धी निर्देशिकाका आधारमा अनुदान र छात्रवृत्ति कायक्रम उपलब्ध गराइनेछ ।

९.२३.५ आफ्नो वडामा बसोबास गर्ने विद्यार्थीहरुका लागि निश्चित कोटा निर्धारण गरी प्राविधिक शिक्षा अध्ययनका गर्न छात्रवृत्ति वितरण सम्बन्धी निर्देशिकाका आधारमा वडा कार्यालयबाट छात्रवृत्ति प्रदान गर्नका लागि आवश्यक प्रवन्ध गर्नेछ ।

९.२३.६ प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुका लागि निःशुल्क अवसर वा सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउनका साथै हाल नगरपालिकाबाट त्यसप्रकारको शिक्षा

अध्ययनका लागि वा उच्चशिक्षा अध्ययनका लागि छात्रवृत्ति कार्यक्रमलाई विस्तार गरी निरन्तरता प्रदान गर्न संघसंस्था लगायत संङघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

**नीतिः९.२४ श्रमप्रति श्रद्धा र सम्मान गर्ने भावना र श्रम गर्ने अभिवृत्तिमा अभिवृद्धि गर्दै शिक्षालाई सिप, सिपलाई रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई समृद्धिसँग आबद्ध गर्ने।**

९.२४.१ श्रम र श्रमिकप्रति सम्मान अभियानमार्फत अनुकरणीय श्रम गर्ने नवप्रवेशी श्रमिकलाई सम्मानका कार्यक्रम सञ्चालन गरिनेछ।

९.२४.२ प्राविधिक र व्यावसायिक क्षेत्रमा काम गर्ने जनशक्तिको दिगो व्यवस्थापनका लागि विशेष प्रोत्साहन र पेसामा सुनिश्चितता हुने गरी कार्यक्रमको विकास गरेर कार्यान्वयन गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

९.२४.३ प्राविधिक र व्यावसायिक शिक्षाबाट उत्पादित जनशक्तिलाई मातृभूमि र समग्र मुलुकप्रति समर्पित र जिम्मेवारका साथै नैतिकवान र सेवाउन्मुख बनाउनका लागि र प्राविधिक तथा व्यावसायिक शिक्षाको पाठयक्रममा राट्रियता, नैतिकता र मानवमूल्य जस्ता विषयवस्तुहरुको अन्तरघुलन गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

९.२४.४ सबै क्षेत्र, हैसियत र वर्गका मानिसहरुमा श्रम संस्कृतिको विकास गरेर श्रम गर्ने र उत्पादनमा संलग्न हुने श्रमिक एवम् जनशक्तिका निम्ति सम्मानजनक सुविधा र पारिश्रमिकको व्यवस्था गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

९.२४.५ थारु जाति र अल्पसङ्ख्यक आदिवासीहरुको व्यावसायिक तथा परम्परागत सिप र श्रमको सम्मान गर्दै पालिकाभित्र उनीहरुबाट उत्पादित हस्तकलासँग सम्बन्धित सामग्रीहरुको उत्पादनमा प्रोत्साहन तथा बजारिकरणमा प्रर्वद्धन गरी यस्ता सामग्रीमा आत्मनिर्भरउन्मूख हुदै वातावरण प्रदूषणजन्य आयातित सामग्रीहरुलाई पालिका भित्र प्रतिबन्धित गरिनेछ।

९.२४.६ प्रत्येक वर्ष पालिकाभित्र विविध क्षेत्रमा व्यावसायिक सिपमा आबद्ध अनुकरणीय स्वरोजगारकर्ता तथा उत्कृष्ट रोजगारदाता घोषणा गरी व्यावसायिक शिक्षाको प्रर्वद्धन गरिनेछ।

**(च) शिक्षामा सूचना तथा सञ्चार प्रविधि**

**नीति ९.२५ सिकाइलाई प्रभावकारी र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गर्ने ।**

९.२५.१ सबै सूचनाहरू प्राप्त हुनेगरी क्लाउड प्रविधिबाट पालिकामा डाटा सेन्टर तथा डिजिटलल्याबको स्थापना र सञ्चालन गर्नका लागि संघ, प्रदेश सरकार, नेपाल टेलिकम र अन्य इन्टरनेट प्रदायक संस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ ।

९.२५.२ सबै पाठ्यक्रम तथा पाठ्य सामग्रीको डिजिटल प्रति सहजै उपलब्ध हुने व्यवस्था मिलाइनेछ।

९.२५.३ घरपरिवार र समुदायलाई प्रविधिमैत्री हुनका लागि विद्यालय र शिक्षाका विभिन्न निकायहरु मार्फत सहजीकरणका तरिकाबाट प्रोत्साहित गरिनेछ।

९.२५.४ विद्यालयमा विद्युतीय पुस्तकालय (E-Library) को अन्तरसञ्जाल निर्माण गरी प्रविधियुक्त पठन संस्कृतिको विकास गरिनेछ।

९.२५.५ सिकारु केन्द्रीत शिक्षण सिकाइलाई प्रभावकारी बनाउन व्यक्तिले सहजै प्रयोग गर्न सक्ने सामग्री ट्याब्लेट, स्मार्टफोन, मोबाइल आदिको प्रयोगमा सुलभता ल्याइनेछ ।

९.२५.६ शिक्षण सिकाइमा STEAMलाई सूचना प्रविधिसँग जोडेर क्रमशः कक्षाकोठामा कार्यान्वयन गरिनेछ ।

९.२५.७ शिक्षकहरुको हाजिरी अभिलेख पालिकामा नै रहने गरी इ-हाजिरीको व्यवस्था गरिनेछ ।

**नीति ९.२६ डिजिटल डिभाइड कम गर्दै विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने ।**

९.२६.१ विभिन्न किसिमका अपाङ्गता भएकाहरूका लागि उपयोगी हुनेगरी डिजिटल सामग्री विकास गरिनेछ ।

९.२६.२ विश्वव्यापी रूपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरूमा सुविधा विस्तार मार्फत विद्यालय, शिक्षक र विद्यार्थीको पहुँचमा विस्तार गर्न एक शिक्षक एक ल्यापटप, विपन्न विद्यार्थी स्मार्टफोन जस्ता कार्यक्रमहरु लागू गरिनेछ ।

९.२६.३ स्थानीय तहमा एक वडा एक सामुदायिक सिकाइ केन्द्रको अवधारणा अनुसार सामुदायिक सिकाइ केन्द्रलाई (Digital Learning Center ) को रुपमा विकास गरी औपचारिक शिक्षाका साथै साक्षरतासँग व्यावसायिक सिप विकास र अन्य क्रियाकलापहरु सञ्चालन गरी अनौपचारिक तथा निरन्तर शिक्षालाई प्रभावकारी बनाइनेछ ।

९.२६.४ सामुदायिक विद्यालयका सम्पूर्ण शिक्षकहरुलाई प्रविधिसम्वन्धी आधारभूत सिपको विकासका लागि तालिमको व्यवस्था गरिनेछ ।

९.२६.५ सामुदायिक सिकाइ केन्द्र र सामुदायिक पुस्तकालयहरू एकीकृत गरी सूचना तथा सञ्चार प्रविधिको प्रयोग मार्फतसेवालाई सहज र प्रभावकारी बनाइनेछ ।

**नीति ९.२७ शिक्षासम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहज छिटोछरितो र सस्तो बनाउन प्रविधिमैत्री पूर्वाधार विकासका लागि आवश्यक लगानी वृद्धि गर्ने ।**

९.२७.१ सबै शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिनेछ ।

९.२७.२ IEMIS को प्रयोगलाई व्यवस्थित गरी विद्यालयले जुनसुकै समयमा पनि आवश्यकता अनुसार आफ्ना सूचनालाई अपलोड अर्थात सूचनालाई प्रविष्टी गर्न सक्ने र उक्त अद्यावधिक सूचना सरोकारवालाहरुलेले सहजै प्रयोग गर्न सक्ने गरी सूचना संयन्त्रको विकास गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

९.२७.३ विद्यालयमा इन्टरनेट सेवालाई सस्तो, छिटो र सर्वसुलभ बनाउनका लागि पालिका र इन्टरनेट प्रदायक संस्थाहरूबीच समन्वय र सहकार्यमा अभिवृद्धि गरी सबै विद्यालयमा जडान गर्ने व्यवस्था गरिनेछ ।

९.२७.४ प्रारम्भिक तहदेखि उच्च तहसम्मको शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नुका साथै कक्षाकोठाहरूमा स्मार्ट टि भि, डिजिटल बोर्ड, स्मार्ट बोर्ड, प्रोजेक्टर आदि प्रविधिको पहुँचमा विस्तार गरिनेछ ।

९.२७.५ विद्यालय प्रशासनद्वारा प्रसारण गर्नुपर्ने सूचनालाई एकैपटक सबै कक्षा र विद्यार्थीसमक्ष पुग्ने प्रधानाध्यापक कार्यकक्षमा सूचना प्रसारण प्रणालीको विकास गरिनेछ।

९.२७.६ प्रत्येक बालबालिकाहरु विद्यालयभित्र प्रवेश गरेको र विद्यालयबाट घर गएको सूचना अभिभावकको मोवाइलमा प्राप्त हुने सफ्टवेयरको सूचना प्रसारण प्रणालीको प्रयोग गरिनेछ।

**नीति ९.२८ शिक्षामा कार्यरत जनशक्तिलाई सूचना र सञ्चारको प्रयोग र उपयोगका निम्ति सिपयुक्त बनाउने।**

९.२८.१ संघ र प्रदेश सरकारसँग सहकार्य गरी नगरपालिकाका सबै विद्यालयहरुलाई सूचना र प्रविधि सम्पन्न बनाई विद्यालयहरूमा कार्यरत जनशक्तिमा सूचना र प्रविधिको प्रयोग तथा उपयोगका निम्ति सिप र दक्षताको विकास गरिनेछ।

९.२८.२ सबै शिक्षकहरूको क्षमता विकास गर्ने क्रममा शिक्षण पेसामा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधि सम्बन्धीको सिपलाई अनिवार्य गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

९.२८.३ तालिम केन्द्रहरूमा मिश्रित पद्धति (Blended Approach ) बाट तालिम सञ्चालन गरी सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत शिक्षकको पेसागत विकासमा सहयोग पुऱ्याउन संघ र प्रदेशसँग सहकार्य गरिनेछ।

९.२८.४ सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि न्यूनतम सिप र क्षमता पनि नभएका शिक्षकहरुलाई शिक्षणपेशाबाट बिदाइ हुनका लागि आकर्षक कार्यक्रमको विकास गरी कार्यान्वयन गरिनेछ।

९.२८.५ विद्यालयमा आइसीटिका क्षेत्रमा सिप र क्षमता भएका जनशक्तिलाई प्रोत्साहित गर्नका लागि आवश्यक साधन स्रोत र संयन्त्रको व्यवस्था गरिनेछ।

९.२८.६ शिक्षकहरुमा सूचना र प्रविधिको प्रयोग सम्बन्धी दक्षता अभिवृद्धिका लागि प्रविधिमैत्री शिक्षक समाज र शिक्षक महासंघ र शिक्षकका विषयगत संस्थाहरुलाई जिम्मेवार बनाईनेछ।

९.२८.७ सूचना प्रविधिमा दक्षता हासिल गर्न नसकेका शिक्षकहरूको क्षमता विकासका लागि शिक्षा, युवा तथा खेलकुद शाखामा सूचना, सञ्चार तथा प्रविधि विज्ञको व्यवस्था गरी सहजीकरण गरिनेछ।

९.२८.८ नगरपालिकाले शिक्षकहरुलाई म्याचिङ्ग फण्डको आधारमा एक शिक्षक एक ल्यापटप उपलब्ध गराउने गरी कार्यक्रमको विकास गरी सञ्चालन गरिनेछ।

**नीति ९.२९ शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, छिटोछरितो, पारदर्शी र समतामूलक बनाउने।**

९.२९.१ आईसीटीमा अफिस प्रोग्राम जस्तै विद्यालय प्रोग्राम एवम् शिक्षा प्रोग्रामको विकास गरी प्रयोगमा ल्याइने छ।

९.२९.२ नगरपालिका र शिक्षालयहरू बीचको शैक्षिक व्यवस्थापकीय र प्रशासनिक कारोवारको आदानप्रदानलाई क्रमश पूर्ण रुपले कागजविहीन पद्धतिमा रुपान्तरण गरिनेछ। सोकार्यका लागि नगरपालिकाबाट हरेक विद्यालयमा आइसीटी सम्बन्धी सक्षम व्यक्तिको व्यवस्था गरिनेछ।

९.२९.३ शिक्षण सिकाइ कार्यलाई प्रभावकारी र उद्देश्य केन्द्रित वनाउन सबै कक्षा कोठाहरूमा सिसि टिभि जडान गरी शिक्षण सिकाइ कार्यलाई व्यवस्थित गरिनेछ ।

९.२९.४ विद्यालय र विद्यार्थीहरुको सुरक्षाका लागि विद्यालयको विभिन्न स्थानमा सिसि टिभि जडान गरी सोको प्रभावकारी प्रयोग गरिनेछ।

**नीति ९.३० सूचना तथा सञ्चार प्रविधिको प्रयोगगर्दा हुन सक्ने अवाञ्छित गतिविधिका साथै अनपेक्षित सूचना प्रवाहलाई निरुत्साहित गर्ने ।**

९.३०.१ शिक्षा मन्त्रालयद्वारा तर्जुमा गरिएको शिक्षामा सूचना तथा सञ्चार गुरु योजनाको प्रभावकारी कार्यान्वयन र नियमन कार्यको लागि विशेष व्यवस्था सहित संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

९.३०.२ सूचना र सञ्चारको दुरुपयोगको न्यूनीकरण र साइबर अपराधहरूलाई नियन्त्रण गर्नका लागि जनचेतनाको अभिवृद्धि लगायत कानूनको निर्माण एवम् कार्यान्वयनका लागि संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

**नीति ९.३१.१ प्रत्येक विद्यालयहरूको Website तथा Blog निर्माण गरी सम्पूर्ण विद्यालयका गतिविधिहरूलाई विद्यार्थी र अभिभावकको हितमा बनाउने ।**

९.३१.१ विद्यालयको गतिविधिहरूलाई सबैको पहुँचयोग्य बनाउन नगरपालिका भित्रका सबै विद्यालयहरूको Website तथा Blog निर्माण गरी यसको प्रभावकारी र निरन्तर प्रयोग गरिनेछ।

९.३१.२ Website तथा Blog मार्फत विद्यार्थीका लागि परियोजना कार्य र नतिजा प्रकाशनका साथै विद्यालयका सम्पूर्ण गतिविधिहरू सार्वजनिक गरिनेछ।

**(छ) पाठ्यक्रम, पाठ्यसामग्री र मूल्याङ्कन**

**नीति ९.३२ स्थानीय आवश्यकता र विश्वपरिवेशलाई आत्मसात गरी पाठ्यक्रमलाई आवश्यकतामा आधारित (समय सापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी) बनाउने ।**

९.३२.१ स्थानीय पाठ्यक्रमलाई आवश्यकतामा आधारित (समय सापेक्ष, सान्दर्भिक र गुणस्तरीय) बनाई समृद्ध नगरपालिका बनाउनका साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम नागरिक तयार गर्नको लागि स्थानीय पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन र मूल्याङ्कन गरी आवधिक रुपमा परिमार्जन र सुधार गरिनेछ।

९.३२.२ समयको माग संगसंगै विकसित भइरहेको विज्ञान र प्रविधिको परिवर्तनलाई सम्बोधन र तिनीहरुलाई समावेश गरी पाठ्यक्रमको परिवर्तन र परिमार्जन गर्ने कार्यलाई सहज, सरल र छरितो बनाउन संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

**नीति ९.३३ यस नगरपालिकामा पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कनको क्षेत्रमा कार्य गर्नका लागि आवश्यक पर्ने उपयुक्त संरचनासहित दक्ष जनशक्तिको व्यवस्था गर्ने ।**

९.३३.१ स्थानीय तहबाट प्रकाशित हुने पाठ्यपुस्तकको गुणस्तर सुधार गर्न प्रतिस्पर्धात्मक प्रक्रियालाई अवलम्वन गरी पाठ्यपुस्तकको विकास गरिनुका साथै कागज तथा छपाइको गुणस्तरमा समेत सुधार गरी बहुवर्षीय प्रयोगको लागि सम्भाव्यता परीक्षण गरिनेछ ।

९.३३.२ स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास गरी त्यसलाई प्रयोग र व्यवस्थित गर्न नगरपालिकाले आफ्नो र विद्यालयको सक्षमता, जिम्मेवारी र जवाफदेहिताको विकास गर्नेछ ।

९.३३.३ भाषा आयोगको परामर्शमा पालिकास्तरीय प्रज्ञा प्रतिष्ठानको स्थापना गरी विद्यालय तहको पाठ्यक्रम विकासमा सहयोग पुग्नेगरी भाषिक तथा साहित्यिक लेख्य परम्पराको विकास गर्ने कार्यको आरम्भ गरिनेछ ।

९.३३.४ संघीय सरकार र प्रदेश सरकारको सहयोग र सहकार्यका आधारमा स्थानीय पाठ्यक्रम विकास गरी मौजुदा पाठ्यक्रमलाई पुनरावलोकन गरिनेछ ।

**नीति ९.३४ सिकाइलाई सिकारुको दैनिक जीवनसँग सम्बन्धित हुने गरी विषयवस्तुलाई अन्तर सम्बन्धित हुने किसिमबाट सिकाइ क्रियाकलापहरुलाई सञ्चालनमा ल्याउने ।**

९.३४.१ वैकल्पिक सिकाइका आधारमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी सम्बन्धित स्थानीय तहमा पर्न सक्ने विपद, महामारी र संकटपूर्ण अवस्थामा सिकाइलाई निरन्तरता दिनको लागि सामुदायिक विद्यालयको संरचनामा संरचनागत सुधार, शिक्षकको पेसागत सक्षमता र पर्याप्त सिकाइलाई आवश्यक सामग्री विकास गरी सिकाइ अवसरको अभिवृद्धि गरिनेछ ।

९.३४.२ शिक्षण सिकाइलाई दैनिक जीवन र व्यवहारसँग सम्बन्धित हुने गरी तदनुरुपका कक्षा कार्य र परियोजना कार्यहरु मार्फत सहजीकरण गर्नका लागि पालिकाका सम्पूर्ण विद्यालयहरुलाई सक्षम बनाउँदै लगिनेछ ।

**नीति ९.३५ पूर्वीय दर्शनका मूल्यमान्यता र आदर्शलाई अन्तर सम्बन्धित विषयवस्तुको रुपमा पाठ्यक्रममा समावेश गरी पाठ्यक्रमलाई अनुसन्धानमुखी तरिकाले विकास गरी कार्यान्वयन गर्ने ।**

९.३५.१ पूर्वीय दर्शन, मानवीय मूल्य र आदर्शमा आधारित समाज निर्माणमा सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोग गरी सामाजिक, आर्थिक, साँस्कृतिक, धार्मिक र राजनैतिक मुद्धाहरुलाई पाठ्यक्रममा समावेश गर्न स्थानीय पाठ्यक्रमलाई समसामयिक, सान्दर्भिक र व्यवहारिक बनाउँदै लगिनेछ ।

९.३५.२ स्थानीय पाठ्यक्रम, तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई सहभागितामूलक बनाई स्थानीय सरोकारवाला निकायहरुलाई अपनत्व बोध हुनेगरी जवाफदेही बनाउन विद्यालयमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई सहभागितामूलक किसिमबाट परीक्षण पश्चात कार्यान्वयनमा लगिनुका साथै विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीका सम्बन्धमा सम्बन्धित शिक्षक तथा सरोकारवाला निकायलाई प्रभावकारी ढङ्गबाट प्रबोधिकरण गरिनेछ ।

९.३५.३ संघीय संरचना अनुसार स्थानीय तहबाट स्थानीय पाठ्यक्रम विकास गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका गर्नका लागि आवश्यक कानुनी तथा नीतिगत व्यवस्था गरी कार्यान्वयनमा ल्याइने छ ।

९.३५.४ स्थानीय तहबाट निर्माण गरिने पाठ्यक्रम र सन्दर्भ सामग्रीहरु स्थानीय आवश्यकतामा आधारित बनाई निर्माण र कार्यान्वयन गरिनेछ ।

९.३५.५ जेष्ठ नागरिकको सम्मान गर्दै उनिहरुसँग रहेको ज्ञान, सिप र अनुभवलाई तेस्रोपुस्तासम्म हस्तान्तरणका लागि तदनुसारको शिक्षण सिकाइ क्रियाकलापको स्वरुप तयार गरी कार्यान्वयन गरिनेछ ।

९.३५.६ विद्यालयमा सम्पादन गरिने शिक्षण सिकाइ क्रियाकलापहरु पाठ्यक्रमले निर्धारण गरे बमोजिम हुने गरी सञ्चालन र कार्यान्वयन गरिनेछ ।

**नीति ९.३६ कक्षाकोठाको शिक्षण सिकाइलाई पाठ्यपुस्तकमा मात्र सीमित नगरी पाठ्यक्रमको उदेश्य पुरा गर्न अन्य उपयुक्त क्रियाकलापहरु सञ्चालनका लागि शिक्षकको दक्षता र पेशा प्रतिको समर्पण भावमा सुधार गर्ने ।**

९.३६.१ परम्परागत पाठ्यपुस्तकमा आधारित शिक्षण सिकाइलाई बालकेन्द्रित र अपाङ्गमैत्री बनाई सूचना र सञ्चार प्रविधिको उचित प्रयोग गर्दै सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक, समस्या समाधान केन्द्रित विधिको विकास गरिनेछ र शिक्षण सिकाइमा पाठ्यपुस्तकको मात्र निर्भरतालाई न्युनिकरण गर्दै लगिनेछ ।

९.३६.२ सामुदायिक विद्यालयहरुलाई वैकल्पिक तथा बहुकक्षा शिक्षण सिकाइ अनुरुपका शैक्षिक क्रियाकलापहरु सञ्चालन गर्न प्रत्येक सामुदायिक विद्यालयहरुलाई सक्षम बनाउँदै लगिनेछ ।

९.३६.३ पाठ्यक्रम कार्यान्यनमा रहेका समस्याहरुलाई कार्यान्वयन तहमा नै समाधान गरी शिक्षण सिकाई प्रक्रियालाई प्रभावकारी बनाईनेछ र सिकारुको सिकाइ उपलब्धीप्रति सम्बन्धित शिक्षकलाई जिम्मेवार र जवाफदेही बनाई विद्यार्थीको सिकाइ उपलब्धीलाई शिक्षकको वृत्तिविकाससँग जोड्दै लगिनेछ ।

९.३६.४ पाठ्यक्रम परिमार्जनका क्रममा परिमार्जित पाठ्यक्रम वा विकसित नयाँ पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकमा हुनुपर्ने र विकास गर्नु पर्ने सक्षमताको यकिन गरी तदनुसार शिक्षकको पेसागत सक्षमतामा विकास गरी पाठ्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

९.३६.५ विद्यार्थीहरुलाई पाठ्यपुस्तकप्रतिको निर्भरतालाई न्यूनिकरण गर्ने क्रममा हप्तामा एक दिनलाई पाठ्यपुस्तकमुक्त शिक्षण सिकाइ दिवसको रुपमा घोषणा गरी तदनुरुपमा क्रियाकलापहरु सञ्चालन गरी पठनपाठन गरिनेछ ।

**नीति ९.३७ पाठ्यक्रममा आधारित शिक्षण सिकाइ प्रक्रियाद्धारा स्थानीय र आधुनिक विश्व परिवेश अनुसार सिकारुमा ज्ञान, सीप र व्यवहार विकासमा सहजीकरण गर्ने ।**

९.३७.१ शिक्षकका लागि शिक्षक निर्देशिका, स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरुको विकास, परिमार्जन तथा समायोजन गरी डिजीटलाइज्ड, अनलाइन सिकाइ पोर्टलमार्फत सर्वसुलभ गराइनेछ ।

९.३७.२ पाठ्यक्रम विकास गरी त्यसलाई कार्यान्वयनमा लैजानको लागि सम्वद्ध सरोकारवालाहरु, अभिभावक, शिक्षक, विद्यार्थी, समाजसेवी, शिक्षाप्रमी, बद्धिजीवि, विद्यालय व्यवस्थापन समितिका

पदाधिकारीहरु, शिक्षक अभिभावक संघका पदाधिकारीहरु, परम्परागत ज्ञान र सीपका ज्ञाताहरु, अनुसन्धाताहरु आदिको सहभागिता र भूमिकामा बृद्धि गरिनेछ।

**निति ९.३८ सिकारुको सिकाइको क्रममा देखिएका समस्याहरुको समाधान गर्नको लागि उपयुक्त शैक्षिक सामग्री र सहजीकरणका साथै आवधिक र स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्ने।**

९.३८.१ शिक्षण सिकाइलाई भन्दा परीक्षालाई बढी महत्व दिने संस्कारलाई केही हदसम्म न्युनिकरण गरी शिक्षण सिकाइ प्रक्रियालाई प्राथमिकतामा राखिनेछ।

९.३८.२. विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई विश्वसनीय, बैध र बस्तुनिष्ठ बनाइनेछ।

९.३८.३ बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अवरोध नहुने गरी माध्यम भाषा छनोट गरिनेछ, यसका लागि विशेष गरी प्रारम्भिक कक्षाहरुमा सिकाइ सहजीकरणका लागि आवश्यकता अनुसार स्थानीय भाषाको प्रयोग हुने गरी व्यवस्था मिलाइनेछ।

९.३८.४ संघीय र प्रदेश सरकारको सहयोगमा अपाङ्गता भएका बालबालिकाको शैक्षिक पहुँच बढाउनका लागि ब्रेललिपिमा सिकाइ सामग्रीको व्यवस्था गर्ने र श्रव्यदृश्यमा आधारित सांकेतिक भाषाका शैक्षिक सामग्रीको विकास र प्रयोगलाई कार्यान्वयनमा ल्याउनको लागि उच्च प्राथमिकतामा राखिनेछ।

९.३८.५ प्रत्येक सामुदायिक विद्यालयमा एक एक सूचना सञ्चार तथा प्रविधि ल्याब र सिकाइ सामग्रीयुक्त पुस्तकालय स्थापना गरी शिक्षक तथा सिकारुलाई प्रविधिको प्रयोग, थप ज्ञान, सिप आदि विस्तारको अवसरमा बृद्धि तथा खोजमूलक शिक्षणसिकाइको प्रयोग गर्ने वातावरण सुनिश्चित गर्न योगदान गरिनेछ।

**(ज) शिक्षक व्यवस्थापन तथा विकास**

**नीति ९.३९ नगरपालिकाको शिक्षक व्यवस्थापन गर्न समय सापेक्ष शिक्षक तयारीको स्वरूप तथा प्रक्रियामा परिवर्तन गरी पेशाप्रति समर्पित र सक्षम शिक्षकको आपूर्ति गर्ने।**

९.३९.१ शिक्षक, प्रधानाध्यापक र कर्मचारीहरुको पेशागत आचारसंहिता निर्माण गरी सो अनुसार लागू भए नभएको अनुगमन गरिनेछ।

९.३९.२ शिक्षकहरुको शैक्षिक योग्यताका सम्बन्धमा प्रारम्भिक बालविकास एवम् पूर्व प्राथमिक शिक्षा र कक्षा १-३ का लागि कक्षा १२ उत्तीर्ण, कक्षा ४-८ का लागि स्नातक तह उत्तीर्ण र कक्षा ९-१२ का लागि स्नातकोत्तर उत्तीर्ण कायम गरी शिक्षकको योग्यता अद्यावधिक गर्नका लागि संघ र प्रदेशसँग सहकार्य गरिनेछ ।

९.३९.३ शिक्षा नीति अनुसार नपुग शिक्षक दरबन्दीमध्ये स्थानीय तह र प्रदेश सरकारले आर्थिक भार व्यहोर्ने गरी कानून बमोजिम सिर्जना गरिएका शिक्षक दरबन्दीहरुको न्यायोचित किसिमले वितरण गरी शिक्षकहरुको नियुक्ति र पदस्थापनमा योगदान गरिनेछ ।

९.३९.४ रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिनेछ।

९.३९.५ शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत सरोकारवाला निकायको समन्वयको आधारमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गरिनेछ ।

९.३९.६ नगरपालिकास्तरमा नियुक्ति गरिएका शिक्षकहरुको तलब स्केल सरकारी सरह कायम गरी उनीहरुको दक्षता र योग्यताका आधारमा स्थायी गर्नका लागि प्रदेश र संघ सरकारसँग सहकार्य गरिनेछ ।

९.३९.७ सबै विद्यालयमा शिक्षकका साथै क्रमश कर्मचारी, नर्स, कुचिकार, माली, सेक्युरिटी गार्ड, आयाको व्यवस्था गरिनेछ।

९.३९.८ शिक्षण पेशामा मेधावी विद्यार्थीहरुलाई आकर्षित गर्न छनौट तथा वृति विकास प्रणालीलाई योग्यतामा आधारित बनाई परीक्षण प्रणालीमा सुधार गरी वस्तुनिष्ठ तथा विश्वनीय परीक्षण प्रणालीको विकास गरिनेछ।

९.३९.९ विषयवस्तुका अतिरिक्त शिक्षण पेसा प्रति गर्व गर्ने, बालबालिकासँग रमाउने, सूचना र प्रविधिमा दक्ष, सामाजिक सेवाभावले अभिप्रेरित र आचरणको हिसावले निष्कलङ्कित व्यक्ति शिक्षण पेसामा छनौट हुने गरी सङ्घीय शिक्षक सेवा आयोग र प्रदेश शिक्षक सेवा आयोगको पाठ्यक्रमलाई पुनरावलोकन गर्न योगदान गरिनेछ।

**नीति ९.४० नगरपालिकामा शिक्षक व्यवस्थापन गर्न विषयविज्ञ, स्रोत शिक्षक, रोष्टर शिक्षक र शिक्षक बैङ्कको व्यवस्था गर्ने।**

९.४०.१ नगरपालिका भित्रका विद्यालयहरूमा शिक्षक छनौट कार्यक्रम र तालिम सञ्चालन गर्न विषयगतरूपमा आफ्नो विषयमा दक्षता राख्ने शिक्षकहरुमध्येबाट विषयविज्ञ र रोष्टर शिक्षकको व्यवस्था गरी परिचालन गरिनेछ।

९.४०.२ विद्यालयको शिक्षण सिकाइमा प्राविधिक सहायता प्रदान गर्न र अन्य शैक्षिक गतिविधिलाई प्रभावकारी बनाउन नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा दुई जना विद्यालय सुपरिवेक्षक, एक/एक जना सूचना प्रविधि, खेलकुद र सङ्गीत शिक्षकहरूको रूपमा नियुक्ति गरी परिचालन गर्ने व्यवस्था मिलाइने छ।

९.४०.३ विद्यालयमा शिक्षक सुत्केरी विदा, प्रसुति स्याहार विदा, किरिया बिदाजस्ता विभिन्न कारणले अनुपस्थित भई शिक्षकविहिन हुने अवस्थामा नगरपालिकाले तोकिएको अवधिका लागि स्वयंसेवक शिक्षकको व्यवस्था गर्नेछ।

९.४०.४ रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा एक वर्षअघि नै छनौट गरी प्रत्येक शैक्षिक सत्रको पहिलो महिनामा नै नियुक्ति गरिने र प्रकाशित प्रतिक्षा सूचीबाट अर्को वर्षको छनोटसम्म शिक्षक नियुक्त गर्ने कार्यमा आवश्यक योगदान गरिनेछ।

९.४०.५ प्रदेश र स्थानीय तहबाट सिर्जना गरिएका शिक्षक दरबन्दीमा स्थायी नियुक्ति गर्नका लागि प्रदेश स्तरमा स्वायत्त संस्थाको रुपमा प्रदेश शिक्षक सेवा आयोगको स्थापना गरी तत्सम्बन्धी कार्य गर्नका लागि पहल गरिनेछ।

**नीति ९.४१ शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकास सम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइने।**

९.४१.१ शिक्षकहरूको पेशागत विकासका निम्ति नीति निर्माण र कार्यान्वयनका सवालमा पेशागत संघसंगठन एवम् स्थानीय तहसँग सहकार्य र समन्वय गरिनेछ।

९.४१.२ शिक्षकहरुको साझा सङ्गठनको रुपमा एउटा मात्र संस्थाको व्यवस्था गरी उक्त संस्थालाई शिक्षकको पेशागत सहयोग र विकासका निम्ति क्रियाशील बनाउनका लागि सङ्घ एवम् स्थानीय तहसँग सहकार्य गरिनेछ।

९.४१.३ शिक्षकको सेवा सर्त, सुविधा, प्रोत्साहन, बढुवा लगायत वृत्ति विकासका प्रावधानहरूलाई पुनरावलोकन गरी समसामयिक बनाउने सवालमा संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

९.४१.४ शिक्षकको पेशागत विकास र समयसापेक्ष अद्यावधिक हुनका लागि शिक्षकका निम्ति आवश्यकता एवम् मागको आधारमा पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ ।

**नीति ९.४२. शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने।**

९.४२.१ शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरी नतिजाप्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ उपलब्धि सुधारसँग सम्बन्धित गरिनेछ।

९.४२.२ पालिका भित्र विद्यालयमा कार्यरत नगरपालिका अनुदान शिक्षक तथा कर्मचारीको तलब नेपाल सरकारले निर्धारण गरेको सम्बन्धित तहको न्युनतम तलब स्केलसँग बराबर हुनेगरी निर्धारण गरिनेछ।

९.४२.३ शिक्षकको बढुवा र वृत्ति विकासलाई शिक्षकहरुले गर्ने शिक्षा सम्बन्धी लेखन, अध्ययन र अनुसन्धानसँग समेत आवद्ध गरिनेछ।

**नीति ९.४३ शिक्षक पुरस्कृत र दण्डको प्रावधानलाइ वस्तुनिष्ठ र न्यायोचित हुने गरी प्रभावकारी बनाउने।**

९.४३.१ शिक्षक पुरस्कार र प्रोत्साहन कार्यक्रमलाई सम्बन्धित शिक्षकको सामाजिक आचरण, पेशाप्रतिको निष्ठा र समर्पणभाव, विद्यार्थीको सिकाइ उपलब्धि र उनीहरूको अभिमतलाई समेत आधार बनाइ लागू गरिनेछ।

९.४३.२ बार्षिक कार्यसम्पादन मूल्याङकन तथा विद्यार्थीको नतिजामा उत्कृष्टता हासिल गरेका शिक्षकलाई विद्यालय र स्थानीय तहले प्रशंसा, पुरस्कार तथा सम्मान दिने व्यवस्था गरिनुका साथै सो कार्यका लागि प्रदेश र संघीय सरकारलाई समेत सिफारिस गरिनेछ।

९.४३.३ शिक्षकको कार्यसम्पादनका बस्तुनिष्ठ सुचकहरूका आधारमा कार्यसम्पादन मूल्याङकन गरी पुरस्कार र दण्डको पद्धति लागुगरिनेछ।

९.४३.४ कुनै विद्यालयमा कुनै शिक्षकको काम सन्तोषजनक भएमा बढीमा पाँच वर्ष काम गर्न पाउने र तत्पश्चात प्रधानाध्यापकको सिफारिसमा सरुवा गर्न सक्ने कानूनी प्रावधान बनाइ सरुवालाई वस्तुनिष्ठ, न्यायोचित र अनुमानयोग्य बनाउनका लागि सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

**(झ) शैक्षिक सुशासन र गुणस्तर व्यवस्थापन**

**नीति ९.४४ विद्यालयमा शिक्षक, कर्मचारीको पर्याप्त व्यवस्थापन गरी सिकारुहरूको गुणस्तरीय शिक्षामा सहज पहुँचको विकास गर्ने।**

९.४४.१ सबै प्रकारका सिकारुहरूको गुणस्तरीय शिक्षामा सहज पहुँच र सो को व्यवस्थापनका लागि आवश्यक कानून र संस्थागत संरचनाको स्थापना गरिनेछ।

९.४४.२ सिकाइ उपलब्धिको आधारमा शिक्षकको मूल्याङ्कन गरी शिक्षकहरुलाई शिक्षण सुधारमा थप जिम्मेवार र थप जवाफदेही बनाइनेछ।

९.४४.३ शिक्षकको क्षमता विकास गरी सिकाइ उपलब्धी, शैक्षिक सामग्री निर्माण र पेशागत जिम्मेवारी तथा जवाफदेही बनाइनेछ।

९.४४.४ विद्यालयको नतिजामा उत्कृष्टता हाँसिल गरेका शिक्षकलाई विद्यालय र नगरपालिकाले प्रसंशा पत्र पुरस्कार तथा सम्मान गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ ।

९.४४.५विद्यालयको प्रारम्भिक तहमा शिक्षणको माध्यम भाषा मातृभाषा हुनेछ भने माथिल्ला कक्षाहरुमामा नेपाली वा अंग्रेजी वा दुबै हुनेछ।

९.४४.६ तराइको लागि शिक्षक विद्यार्थीको हालको अनुपात एक जना शिक्षक बराबर पचास जना विद्यार्थी भएकोमा त्यसलाई परिमार्जन गरी एक जना शिक्षक बराबर ३५ जना विद्यार्थी हुनेगरी कानून परिमार्जनका लागि संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

**नीति ९.४५ शिक्षालयहरूको शासकीय सुधारसहित जनसहभागिता, सरोकारवालाहरूको प्रतिनिधित्व, पारदर्शिता, अपनत्व र उत्तरदायित्व प्रवर्धन गर्ने सहभागितामूलक संयन्त्र निर्माण गरी शैक्षिक सुशासन कायम गर्ने।**

९.४५.१ प्रजातान्त्रिक वातावरणमा विद्यालय व्यवस्थापन समिति गठन गर्ने व्यवस्था मिलाउन आवश्यकता अनुसार कानुनी व्यवस्था गरिनेछ।

९.४५.२ विद्यालयहरुको आर्थिक व्यवस्थापनलाई नतिजामुखी,पारदर्शी तथा जवाफदेही बनाउन सामाजिक परीक्षणलाई विद्यालय अनुदानको अनिवार्य सर्तका रुपमा व्यवस्था गरिनेछ।

९.४५.३ सबै विद्यालयहरुलाई तोकिएको समयमा IEMIS अद्यावधिक गर्न लगाईने छ।

९.४५.४ प्रअ, शिक्षक तथा कर्मचारी लगायत वि.व्य.स., शि.अ. संघका पदाधिकारीहरुको क्षमता विकासका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ।

९.४५.५ सबै सरोकारवालाहरुको सहभागितामा वर्षमा कम्तिमा २ पटक भेला बोलाई छलफल गरिनेछ।

९.४५.६ विद्यालयहरुमा गरिने अतिरिक्त क्रियाकलाहरुलाई विद्यार्थीहरुको सिकाइलाई ससक्त बनाउने गरी थप व्यवस्थित गरिनेछ ।

९.४५.७ प्रत्येक शुक्रवार पुस्तकीय पठनपाठनका सट्टा व्यवहारकुशल सिप र जीवनोपयोगी शिक्षासँग सम्बन्धित सह तथा अतिरिक्त कार्यकलाप सञ्चालन गरिनेछ ।

९.४५.८ विद्यार्थीको संख्या, भौगोलिक दूरी र यातायातको सुविधाका आधारमा विद्यालयहरु कक्षागत र तहगत रुपमा घटाउने एवम् अवस्था हेरी पुरै विद्यालय नजिकको विद्यालयमा समायोजना गरिनेछ।

९.४५.९ एउटै विद्यालयमा हुने अत्यधिक भीडभाडलाई कम गरी विद्यार्थीको व्यक्तिगत आचरण र सिकाइ उपलब्धि प्रति विशेष ध्यान दिनका लागि सहज हुने हिसावले आधारभुत तह र माध्यमिक तह अलग अलग स्थानमा सञ्चालन हुने गरी कानून बनाइ सोही अनुसारको विद्यालय संरचनाको विकास गरी कार्यान्वयन गरिनेछ।

९.४५.१०बाबुआमा नभएका तथा असहाय बालबालिकाको निम्ति विभिन्न सामाजिक सङ्घसंस्था र मनकारी सामाजिक अभियन्ताहरुसँग सहकार्य र समन्वय गरी उनीहरुको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षा जस्ता आवश्यकता परिपुर्तिको सुनिश्चितता प्रदान गर्नका लागि नगरपालिकाले अभिभावकको भुमिका निर्वाह गर्नेगरी असहाय बालबालिका संरक्षण केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ ।

९.४५.११ वडा कार्यालयबाट वडाभित्रको शिक्षा क्षेत्रका लागि निश्चित प्रतिसत बजेट विनियोजन गरी कार्यान्वयन गर्नेगरी आवश्यक प्रवन्ध गरिनेछ ।

९.४५.१२ विद्यालयको प्रशासनको व्यवस्थापन, विद्यालय गतिविधी, विद्यालयभित्रको अनुशासन र शैक्षिक गुणस्तर सुधारका लागि गुनासो तथा सुझाव संयन्त्रको सञ्चालन र व्यवस्थापन गरिनेछ ।

**नीति ९.४६ विद्यालयको प्रधानाध्यापकलाई अधिकार प्राप्त कार्यकारीको रुपमा अधिकारसम्पन्न गराउने गरी नियमकानूनको प्रबन्ध र परिमार्जन गर्न प्रदेश र संघ सरकारसँग सहकार्य र समन्वय गर्ने ।**

९.४६.१ अनुगमन र सुपरीवेक्षण पद्धतिलाई असल व्यक्ति, असल संस्था र असल कामहरूको बढावा, प्रचारप्रसार र विस्तार हुने गरी तदनुसारको संयन्त्रको निर्माण गरी कार्यान्वयन गरिनेछ ।

९.४६.२ प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीहरुको कार्यसम्पादन मुल्याङकन प्रक्रियालाई पारदर्शि तथा नतिजामा आधारीत बनाउन कार्यसम्पादन सम्झौता गरिनेछ ।

९.४६.३ प्रधानाध्यापकलाई विद्यालय सञ्चालनको पूर्ण अधिकार र जिम्मेवारी प्रदान गर्ने गरी आवश्यकता अनुसार कानूनमा समेत संशोधन गर्नका लागि संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

९.४६.४ प्रधानाध्यापकलाई निजले गरेको कार्यसम्पादनको नतिजा, कार्यबोझ तथा कार्यसम्पादन, मुल्याङकनका आधारमा मासिक प्रोत्साहन भत्ता लगायत अन्य सेवा सुविधाको व्यवस्था गरिनेछ ।

९.४६.५ प्रधानाध्यापकको काम गर्नका लागि एउटै विद्यालयमा पनि कानून बमोजिम आधारभूत तह र माध्यमिक तहमा फरक फरक इन्चार्जको व्यवस्थापन गरी नेतृत्व र व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।

९.४६.६ सम्पूर्ण सरोकारवालाहरुको सहभागितामा शैक्षिक सुधारका लागि योजना र रणनीतिका साथै सूचक तयार गरी त्रैमासिकरुपमा उपलब्धी मापन गरिनेछ र समीक्षा बैठक मार्फत गरिएका ति मापनलाई कार्यान्वयन गरिनेछ ।

**नीति ९.४७ सार्वजनिक शिक्षामा सुधार गर्न सरोकारवाला सबैको विद्यालयप्रति अपनत्व बृद्धि गर्ने ।**

९.४७.१ शिक्षकलाई सिकाइ उपलब्धिका लागि विद्यार्थी र अभिभावकप्रति जवाफदेही गराईनेछ ।

९.४७.२ विद्यालय र समुदाय बीच सहयोगात्मक, सहकार्य र समन्वयात्मक सम्बन्धलाई सुदृढ गरिनेछ ।

९.४७.३ विद्यार्थीको सिकाइ उपलब्धी बृद्धि गर्न शिक्षकको कार्यसम्पादनका आधारमा मूल्याङकन गरी पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।

९.४७.४ शिक्षकको हक हितका लागि शिक्षकहरुको एउटा मात्र शिक्षक महासंघको व्यवस्था गरिनेछ र त्यसका लागि आवश्यकता अनुसार कानूनमा संशोधन गर्न सम्बन्धित सरकार र निकायसँग सहकार्य गरिनेछ ।

९.४७.५ राजनीतिक आस्थाका आधारमा शिक्षकका संघसंस्था नभइ विषयगत आधारमा शिक्षक संघसंस्था (विषयगत समिति) को स्थापना गरी उक्त संघसंस्थाहरुलाई शिक्षकको पेशागत विकासमा परिचालन गरिनेछ।

९.४७.६ स्थानीय तह र प्रदेश सरकारबाट शिक्षक दरबन्दी सिर्जना गरी नियुक्त हुने शिक्षकको पदपूर्ति गर्नका लागि स्वतन्त्र र स्वायत्त निकायको रुपमा प्रदेश शिक्षक सेवा आयोगको गठन र सञ्चालन गर्नका लागि सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ। विद्यालयमा कार्यरत कर्मचारीहरुको निम्ति समेत यही प्रदेश शिक्षक सेवा आयोगले काम गर्नेछ।

९.४७.७ स्थानीय तहमा कार्यपालिकाको मातहतमा रहने गरी एउटा शिक्षा, युवा तथा खेलकुदको क्षेत्रमा काम गर्नका लागि छुट्टै कार्यालयको रुपमा शिक्षा, युवा तथा खेलकुद कार्यालयको स्थापना गरिनेछ।

९.४७.८ सङ्घ, प्रदेश एवम् स्थानीय तहको ढुकुटीबाट पारीश्रमिक लिएर शिक्षालयमा काम गर्ने कुनै पनि शिक्षक एवम् कर्मचारीलाई राजनीतिक दल विशेषको सदस्य भई सार्वजनिक पद एवम् सेवामा रहेर काम गर्न नपाउने गरी कानून बनाइ लागू गरिनेछ।

९.४७.९ स्थानीय पाठ्यक्रममा समावेश गरिएको जीवनोपयोगी सिपलाई व्यवहारिकरुपमा अभ्यासरत गराउन स्थानीय कला, ज्ञान र सिप सिकाउन विद्यार्थीलाई प्रत्यक्षरुपमा सहभागी गराइनेछ।

**नीति ९.४८ शिक्षामा सिर्जनशीलता, मानव मूल्य, सांस्कृतिक सम्पत्तिहरूको संरक्षण, प्राकृतिक स्रोत र साधनको जगेर्ना, पर्यावरणको संरक्षण र हरित विद्यालय निर्माणका साथै बदलिदो विश्व परिवेश अनुसारको शिक्षाको थलोको रुपमा विद्यालयलाई विकास गर्ने।**

९.४८.१ शिक्षकको बौद्धिकताका साथै उनीहरुमा अन्तरनिहित सकारात्मक उर्जा, नैतिकता, सामाजिक आचरण र इमान्दारिताको समेत मूल्याङ्कन गरी शिक्षक र प्रधानाध्यापकमा नियुक्त हुने गरी आवश्यक पाठ्यक्रम र परिपाटीको विकास गरिनेछ।

९.४८.२ विद्यालयलाई नै प्रकृतिको सही सदुपयोग र संरक्षण गर्ने थलोको रुपमा विकास गर्न स्थानीय पाठ्यक्रम, परियोजना कार्य लगायत विद्यालयमा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ।

९.४८.३ मानवताको प्रवर्धन संस्कृतिको जगेर्ना र विश्वबन्धुत्वको भावनाको विकासका लागि विद्यार्थीहरुलाई गाउँसमाजसँग सहकार्य गर्दै सहयोग र सहकार्यका माध्यमबाट सिक्ने वातावरणको सिर्जना गरिनेछ।

९.४८.४ शिक्षामा पूर्वीय दर्शनलाई अन्तरघुलन गरी सिकाइको माध्यम र तरिकाको रुपमा अबलम्बन गरिनेछ।

**नीति ९.४९ विद्यालय शिक्षाको प्रशासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालयको शासकीय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउने।**

९.४९.१ सम्बन्धित तहमा स्थायी क्षमतावान, योग्य र सक्षम शिक्षकहरु मध्ये प्रतिस्पर्धाको माध्यमबाट पाँच वर्षको करार अवधि रहने गरी प्रधानाध्यापक छनोट गरिनेछ।

९.४९.२ विद्यालय सेवा क्षेत्र सम्बन्धी मापदण्ड तथा कार्यविधि तयार पारी सो को आधारमा सबै प्रकारका आधारभूत विद्यालयहरुको सेवा क्षेत्र निर्धारण गरी बालबालिकालाई सेवाक्षेत्र अन्तर्गतको विद्यालयमा अध्ययन गर्न प्रेरित गरिनेछ ।

९.४९.३ संघ र प्रदेश सरकारसँग समेत समन्वय र सहकार्य गरी विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९.४९.४ सबै विद्यालयहरुलाई सरोकारवालाहरुको प्रत्यक्ष संलग्नतामा विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्न लगाइ सोही योजनाका आधारमा विद्यालयहरुमा स्थानीय स्रोत साधन परिचालन गरिनेछ ।

९.४९.५ नतिजा प्रतिको जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको प्रशासकीय तथा व्यस्थापकीय पद्धतिमा सुधार गरी कार्यान्वयन गरिनेछ ।

९.४९.६ विद्यालय (संस्थागत समेत) हरूको नियमन, अनुगमन र सुपरीवेक्षण गरी बस्तुगत प्रतिवेदन उपलब्ध गराउन र विद्यालयहरुले गरेका राम्रा अभ्यासहरुलाई सामुदायिक र सस्थागत विद्यालयहरुको बीचमा आदान प्रदान गर्नका लागि विशेषज्ञ सम्मिलित शिक्षाका निवृत्त अधिकृत, निवृत्त प्रधानाध्यापक, शिक्षक महासंघ, र शिक्षक सहितको तेस्रो पक्षसँग सम्झौता गरी अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ।

९.४९.७ न्युनतम २२५ दिन विद्यालय खोली २०५ दिन वार्षिक पठनपाठन गराउने, शिक्षक कर्मचारीहरुलाई नियमित गराउने , आफ्नो कर्तव्य पुरा नगर्ने शिक्षक कर्मचारीलाई दण्डसजाय र राम्रो कार्य सम्पादन गर्नेलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

**नीति ९.५० आर्थिक सुशासन, पारदर्शिता र जवाफदेहिताको विकास गर्ने।**

९.५०.१ शिक्षक तथा कर्मचारीहरूको हकलाई सुनिश्चित गर्न, पेशाप्रति उत्प्रेरित गर्न र पारिश्रमिकलाई नियमित बनाउन शिक्षक कर्मचारीको तलव भत्ता मासिक रुपमा निकासा गर्ने व्यवस्था मिलाइनेछ।

९.५०.२ पालिकाले संघ र प्रदेशको सहकार्यमा विद्यार्थी दिवा खाजाको रकममा समय सापेक्ष पुनरावलोकन गरी सञ्चालन र नियमन गर्नेछ।

९.५०.३ संघ, प्रदेश र स्थानीयतहबाट विद्यालयलाई उपलब्ध गराइएको विभिन्न योजनाको कार्यसम्पादनको क्रममा आवश्यक पर्ने सामग्रीको खरिद गर्ने कार्य सम्बन्धित विद्यालयको खरिद समितिबाट गर्ने गरी आवश्यक प्रवन्ध गरिनेछ।

९.५०.४ विद्यालयको लेखा प्रणालीलाई व्यवस्थित गर्नका लागि माध्यमिक तहमा लेखापालको व्यवस्थाका साथै आधारभूत तहमा प्रधानाध्यापकहरुलाई लेखासम्बन्धी तालिम प्रदान गरिनेछ।

**(ञ) शिक्षामा समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्श**

**नीति ९.५१ दलित, महिला, सिमान्तकृत आदिवासी जनजाति, विभिन्न खाले अपाङ्गता भएका, भौगोलिक कठिनाइमा बसोवास गर्ने, असहाय तथा आर्थिक रुपले विपन्न, प्राकृतिक प्रकोपका कारण विस्थापित हुन पुगेका, जोखिममा रहेका तथा द्वन्द्व प्रभावित बालबालिकाहरुको शिक्षामा पहुँच अभिवृद्धि गर्ने।**

९.५१.१ दलित तथा सिमान्तकृत समुदायका बालबालिका, जुनसुकै किसिमका अपाङ्गता भएका, सामाजिक बहिस्करणमा परेका तथा विपन्न परिवारका बालबालिकालाई समाहित गर्दै आवश्यकतामा आधारित वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन र पहुँच सुनिश्चित गरिनेछ ।

९.५१.२ सबै तह र सबै प्रकारका विद्यालयहरुमा छात्रछात्रा तथा अपाङ्गमैत्री भौतिक एवम शैक्षिक वातावरणको विकास गरी लक्षित बर्गका सबै बालबालिकाहरुलाई विद्यालय शिक्षा उपलब्ध गराइनेछ।

९.५१.३ प्राकृतिक प्रकोपका कारण विस्थापीत हुन पुगेका, जोखिममा रहेका, घर र विद्यालय बिचको दुरी टाढा भई आवत जावत गर्न अप्ठेरोमा रहेका तथा द्वन्द्व प्रभावित बालबालिकाहरुको शिक्षामा पहुँच अभिवृद्धि गरिनेछ ।

९.५१.४ शारीरिक अपाङ्गता र आर्थिक विपन्नतालाई प्रमुख आधार बनाइ लक्षित समूहलाइ शैक्षिक समस्या समाधानका लागि पुग्ने गरी छात्रवृत्ति एवम् प्रोत्साहन कार्यक्रमलाई सञ्चालन गरिनेछ।

**नीति ९.५२ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइका सहयोगी सामग्री लगायत समग्र शैक्षिक गतिविधिमा समता तथा समावेशिता कायम गरी सिकाइलाई विविधतापूर्ण बनाउने।**

९.५२.१.लक्षित समूहका बालबालिकाको सिकाइ आवश्यकता सम्बोधन गर्न र गुणस्तरीय शिक्षा प्रदान गर्न स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकमा समसामयिक परिवर्तन गर्न र सहयोगी शैक्षिक सामग्रीको विकास गरिनेछ ।

९.५२.२. अपाङ्गता भएका बालबालिकाको आवश्यकता र समावेशीकरणको सिद्धान्तको आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरु उपलब्ध गराइनेछ।

९.५२.३ विशेष बालबालिकाहरुलाई आत्मनिर्भर बनाउन र दिगो विकासका लागि हरित सीपमा आधारित जीवनपयोगी सीपमूलक शिक्षा र तालिमको अवसर सुनिश्चित गर्न पाठ्यक्रम, शिक्षक तयारी र संस्थागत संरचनाको पुनरावलोकन गर्न सङ्घ एवम् प्रदेश सरकारसँग समन्वय र साझेदारीको विकास गरिनेछ।

९.५२.४ अपांगमैत्री शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न नविनतम सूचना प्रविधिमा आधारित दक्ष मानवीय स्रोतको व्यवस्था गरिनेछ।

९.५२.५ नगरपालिकाभित्र निर्माण भइसकेका विद्यालयका पूर्वाधार र अब निर्माण हुने पूर्वाधारहरुलाई अपाङ्गतामैत्री बनाउदै लिने सवालमा नगरपालिकाबाट सङ्घीय सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

९.५२.६ अपाङ्गता भएका, अशक्त र घरबाट विद्यालय आवतजावत गर्न असमर्थ तर विद्यालयमा अध्ययन गर्न सक्ने बालबालिकाका लागि पायक पर्ने स्थानमा आवश्यकताको आधारमा छात्रावाससहितको विशेष विद्यालयका साथै गृह विद्यालयको समेत स्थापना गरिनेछ।

९.५२.७ अपाङ्गता तथा फरक क्षमता भएका बालबालिकाहरूलाई आत्मनिर्भर बनाउनका लागि व्यावसायिक सीप सिक्ने अवसर प्रदान गर्न भूमिका निर्वाह गरिनेछ।

**नीति ९.५३ विद्यालयमा कुनै पनि प्रकारको विभेद, अवहेलना नभएको र सबै बालबालिकाले सम्मानित महशुस गर्ने गरी उपयुक्त वातावरणको सुनिश्चित गर्ने ।**

९.५३.१. विद्यालयको वातावरणलाई विभेदरहित, शान्त र सुव्यवस्थित बनाउँदै विद्यालय प्रवेश गर्ने सबै बालबालिकाले आफू सम्मानपूर्ण वातावरणमा अध्ययन गर्न, सिक्न, खेल्न र आफ्नो प्रतिभाको प्रस्फुटन गर्न सक्ने वातावरण सिर्जना गरिनेछ ।

९.५३.२. विद्यालयमा बालबालिकाको उमेर, जाति, लिङ्ग, वर्ण, अपाङ्गता, भाषा, धर्म, संस्कृति, विपन्नता, सम्पन्नता, शारीरिक बनावट, असहायपन आदिलाई लिएर शिक्षक – विद्यार्थी तथा विद्यार्थी – विद्यार्थी बिच भेदभाव नगरिने वातावरणको सुनिश्चित गरिनेछ।

९.५३.३ हालका छात्रवृत्तिका किसिम र छनोटका आधारको पुनरावलोकन तथा परिमार्जन गरी लक्षित र आावश्यकतामा आधारित छात्रवृत्ति पद्धतिको विकास गरिने छ । छात्रवृत्तिका लागि मूलत : कठिन परिस्थतिमा रहेका र ,सुविधाविहिन ,गरिबीलाई केन्द्रित गरी आर्थिक रूपले विपन्न अपाङ्गता भएका बालबालिकाहरू सहभागी हुने गरी व्यवस्था मिलाइने छ।

९.५३.४ नगरपालिकाभित्र रहेर विभिन्न कारणले अभिभावकविहीन भएका बालबालिकाको अभिभभावकको भूमिका नगरपालिकाले निर्वाह गर्दै उनीहरुको गाँस, बास, कपास, शिक्षा र स्वास्थ्यका निम्ति विशेष व्यवस्था गर्नेछ।

९.५३.५सम्बन्धित शिक्षण संस्था र समुदायको सहभागितामा नगरपालिकामा छात्रवृत्ति व्यवस्थापन र अनुगमन समिति गठन गरिने छ।

**नीति ९.५४ विद्यालयका पूर्व निर्मित संरचनाहरुमा समयसापेक्ष सुधार गर्दै नयाँ निर्माण हुने संरचनाहरुलाई बालमैत्री, अपाङ्गमैत्री र छात्रछात्रामैत्री बनाउने।**

९.५४.१ विद्यमान संरचनाहरुमा समयानुकुल परिवर्तन र सुधार गर्दै लगिने तथा विद्यालयका लागि नयाँ निर्माण गरिने भौतिक संरचनाहरु ( जस्तै धारा, कक्षाकोठा, रेलिङ, फर्निचर, शौचालय आदि ) अपाङ्गमैत्री, बालमैत्री तथा छात्रछात्रामैत्री बनाइनेछ।

९.५४.२ शारीरिक अपाङ्गता भएका तथा घर र विद्यालय बीचको दूरी पैदल हिंडाइमा एक घण्टा भन्दा बढि लाग्ने विशेषगरी माध्यमिक तहका विद्यार्थीहरुलाई मध्यनजर गरी आवश्यकताका आधारमा विद्यालयमा छात्र छात्रा आवासगृहको व्यवस्था गरिनेछ ।

९.५४.३ साधारण अवस्थाका बालबालिकासँग बसेर अध्ययन गर्न सक्ने अपाङ्गता भएका बालबालिकाहरुका लागि अपाङ्गताको प्रकृति र स्तर अनुसार आवश्यक शैक्षिक सामग्री, खेल सामग्रीको समुचित प्रबन्ध गरिनेछ ।

९.५४.४ साधारण अवस्थाका बालबालिकासँग बसेर अध्ययन गर्न सक्ने अपाङ्गता भएका बालबालिकाहरूका लागि अपाङ्गताको प्रकृति र स्तर अनुसार आवश्यक पर्ने सामग्रीहरू जस्तैः ) ह्वील चेयर, छडी, ब्रेल पुस्तक, सांकेतिक चित्र आदि को समुचित प्रबन्ध (गरिनेछ।

९.५४.५ गैरआवासीय छात्रवृत्तिका लागि विद्यार्थीको नाममा बैङ्क खाता सञ्चालन गरी उनीहरुलाई प्रदान गरिने छात्रवृत्तिलाइ एकद्वार भौचर प्रणाली मार्फत प्रदान गरिनुका साथै उद्देश्यअनुरुप पर्याप्त हुने गरी छात्रवृत्ति रकमको समय अनुसार पुनरावलोकन गर्दै लगिनेछ।

९.५४.६ सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम गरिने छ भने विद्यालयमा कुनै पनि प्रकारको विभेदहेपाई नहुने ,दुर्व्यवहार , सुनिश्चिततासहित बालमैत्री वातावरणसिर्जना गरिनेछ।

**नीति ९.५५ कठिन र असहज परिस्थितिका कारण विद्यालय शिक्षाबाट वञ्चित बालबालिकाहरुलाई मनोसामाजिक परामर्शका माध्यमबाट विद्यालयमा आउने वातावरण सिर्जना गरि विद्यालय तहको शिक्षा पूरा गर्ने अवसरको सुनिश्चितता गर्ने।**

९.५५.१. लागू औषध दुर्व्यसन लगायत विभिन्न असहज परिस्थितिका कारणले अप्ठेरो अवस्थामा बाँचिरहेका बालबालिकाहरुलाई मनोसामाजिक परामर्शका माध्यमबाट उनीहरुको घरायसी वातावरणलाई बालमैत्री र सिकाइका लागि अनुकुल बनाउन सहयोग गरिनेछ ।

९.५५.२. फरक क्षमता भएका, ढिलो सिक्ने बालबालिका, तीक्ष्ण बौद्धिक क्षमताका सामान्य सिकाइ क्षमता भएका सबै बालबालिकालाई सम्बोधन हुने गरी उनीहरुको पठनपाठनलाई अर्थपूर्ण बनाउन मनोसामाजिक परामर्शलाई जोड दिइनेछ।

९.५५.३. विद्यालय आउने उमेर पुगिसकेका तर विद्यालयमा भर्ना नभएका बालबालिकाहरुलाई औपचारिक विद्यालय शिक्षा प्रदान गर्न मनोसामाजिक परामर्शका माध्यमबाट विद्यालय आउने वातावरण तयार गरिनेछ ।

९.५५.४. तह पूरा नगरी विभिन्न कारणले बिचैमा विद्यालय छाडेका पूर्व विद्यार्थीहरुले पुनः भर्ना भई अध्ययन गर्न चाहेमा उचित सल्लाह, मनोसामाजिक परामर्श तथा भावनात्मक सहयोग उपलब्ध गराई विद्यालय प्रवेशको लागि अभिप्रेरित गरिनेछ।

९.५५.५. घरायसी वातावरण बालमैत्री नहुनुका साथै अन्य विविध कारणले शिक्षा लगायत जीवनका विभिन्न क्रियाकलापहरु अघि बढाउने सवालमा अलमल र द्विविधामा परेका बालबालिकालाई मनोसामाजिक परामर्शको माध्यमबाट उनीहरुको जीवनलाई अर्थपूर्ण तरिकाबाट अघि बढाउन सहयोग गरिनेछ।

९.५५.६. विद्यार्थीहरुमा मनोसामाजिक समस्याहरु सघन रुपमा देखिदै गएको कारण उनीहरुको शिक्षा लगायत समग्र जीवनमा प्रतिकूल असर परिरहेको कुरालाई मध्यनजर राखी नगरपालिकाबाट यससम्बन्धी आवश्यक संरचना र जनशक्तिको व्यवस्थापन गरी कार्यान्वयन गरिनेछ।

९.५५.७. विद्यार्थीहरुलाई उचित र नियमित किसिमले मनोसामाजिक परामर्श प्रदान गर्नका लागि शिक्षकहरुमा समेत यससम्बन्धी आधारभूत जानकारी र सिपको विकास गरी प्रत्येक शिक्षकलाई निश्चित विद्यार्थीहरुप्रति मनोसामाजिक परामर्शका लागि जिम्मेवार बनाइनेछ।

**नीति ९.५६ किशोरकिशोरीहरुमा उमेरका कारण आउने शारीरिक तथा मानसिक परिवर्तनलाई आत्मसात गर्दै सानै उमेरमा गर्ने विवाहलाई रोक्न विद्यालयमा मनोसामाजिक परामर्श तथा सल्लाह प्रदान गर्ने।**

९.५६.१ आधारभूत तहसम्मको पढाइ समेत पूरा नगरी रोजगारीको खोजीमा लाग्ने, घरकै काममा अलमलिने तथा विद्यालयको उपस्थितिलाई अनियमित बनाईरहेका बालबालिकालाई नियमित उपस्थितिका लागि आवश्यक सहयोग उपलब्ध गराउन पहल गर्नुका साथै उनीहरुका अभिभावकलाई जिम्मेवार बनाइनेछ।

९.५६.२ विद्यार्थीहरुको शैक्षिक गुणस्तर वृद्धि तथा अभिभावकको जिम्मेवारी र भूमिका प्रति सचेत गराउनका लागि अभिभावकहरुका लागि अभिभावकीय भूमिकासम्बन्धी उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

९.५६.३ बाल विवाहलाई न्युनीकरण गर्न बालबालिका र उनीहरुका अभिभावकलाई सल्लाह र मनोसामाजिक परामर्श, कानूनी सचेतना कार्यक्रम र अभिभावक शिक्षा सञ्चालन गरिनेछ ।

९.५६.४ विद्यार्थीलाई उचित र नियमित किसिमले मनोसामाजिक परामर्श प्रदान गर्नका लागि शिक्षकहरुलाई आधारभूत तहको तालिम र सिपको विकास गरी प्रत्येक विद्यालयमा आवश्यकताका आधारमा कार्यरत शिक्षकलाई मनोपरामर्श दाताको रुपमा क्षमताको विकास गरिनेछ ।

**(ट) विद्यालय भौतिक पूर्वाधार विकास**

**नीति ९.५७ विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्दा आवश्यकताका आधारमा उपलब्ध गराउने।**

९.५७.१ यस पालिकामा सञ्चालित सामुदायिक विद्यालयहरुले पूर्वाधार निर्माण गर्नका लागि मागमा आधारित भन्दा पनि वास्तविक आवश्यकताका आधारमा पूर्वाधार निर्माण गरिनेछ।

९.५७.२ पूर्वाधार निर्माण गर्दा विवाद रहित तरिकाले आचार संहिता बनाई कार्यान्वयन गरिनेछ।

**नीति ९.५८ भौतिक पूर्वाधार विकासका हिसाबले शैक्षिक संस्थाहरु सम्पन्नशाली बनाउने।**

९.५८.१ विद्यालयमा भौतिक पूर्वधार निर्माण गर्दा विद्यार्थी सङ्ख्या, सञ्चालित तह, मौजुदा कक्षाकोठा आदि जस्ता मानक निर्धारण गरी प्राथमिकताका आधारमा निर्माण गरिनेछ ।

९.५८.२ विद्यालयहरुमा भौतिक पूर्वाधार निर्माण गर्दा कक्षाकोठा, शिक्षकस्टाफ कक्ष, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, कम्प्युटर ल्याव, विज्ञान प्रयोगशाला, पुस्तकालय, चमेना गृह र आराम कक्ष आदि योजना अनुसारको डिजाइन गरी निर्माण गरिनेछ, साथै विद्यार्थी संख्याको आधारमा शौचालय, स्वच्छ खानेपानी, पर्याप्त खेलमैदान, प्राथमिक उपचार बाकस, सरसफाई किट जस्ता आवश्यक पर्ने कुराहरुको समेत व्यवस्थापन गरिनेछ।

९.५८.३ एउटा विद्यालयलाई भौतिक पूर्वाधारको हिसावले सम्पन्न बनाइसकेपछि केही एक दशकसम्म उक्त विद्यालयमा भौतिक पूर्वाधारका कार्यक्रम नपर्ने गरी अर्को विद्यालयमा भौतिक पूर्वाधारका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

९.५८.४ यस पालिका भित्र निर्माण गरिने भौतिक पूर्वाधार एकै डिजाइनको बनाउनको लागि कार्यनीति बनाई लागू गरिनेछ।

**नीति ९.५९ गुणस्तरीय शिक्षामा योगदान पुग्नेगरी भूकम्प प्रतिरोधी, जोखिममुक्त र अपाङ्गमैत्री भौतिक संरचनाको व्यवस्थापन गर्ने।**

९.५९.१ विद्यालयको तह र विद्यार्थी संख्याका आधारमा आवश्यक पर्ने सबै प्रकारका भौतिक पूर्वाधारहरु भूकम्प प्रतिरोधी, जोखिममुक्त र अपाङ्गमैत्री संरचना बनाईनेछ।

९.५९.२ विद्यालयमा प्रवेश गर्ने वित्तिकै विद्यार्थीहरुले आफ्नै घरमा जस्तै सुरक्षित छु भन्ने महसुस गराउने वातावरणीय पक्षलाई एकिकृत प्रणाली (बालमैत्री, अपाङ्गमैत्री, छात्रामैत्री, सुरक्षित, हिंसा रहित एवम् भयरहित सिकाइ केन्द्र) को माध्यमबाट विद्यालयहरुको क्षमता अभिबृद्धि गरिनेछ।

९.५९.३ सुरक्षित विद्यालय बनाउनका लागि जस्तापातायुक्त भवनहरुलाई विस्थापित गरी पक्की भवन निर्माण गर्ने कार्यलाई तिब्रता दिइनेछ।

९.५९.४ पालिकाभरिका विद्यालय भवनको रंगरोगनमा समान किसिमको रङ्गको प्रयोग गरिनेछ र तहअनुसार र विषय अनुसारका कक्षाकोठाहरु सजावट गरी शिक्षणमैत्री कक्षाकोठाको विकास गरिनेछ।

९.५९.५ "एक विद्यार्थी एक विरुवा" र "एक विद्यालय एक बालमैत्री बगैँचा" कार्यक्रम सञ्चालन गरी हरित विद्यालय कार्यलाई तिब्रता दिइने छ।

९.५९.६ छात्रामैत्री शौचालयको निर्माण गरी भेण्डिङ मेसिन, इन्सुलेटर र स्यानिटरी प्याडको समेत व्यवस्थापन गरिनेछ । प्रयोग गरिसकेका स्यानिटरी प्याडको व्यवस्थापनका लागि आवश्यक उपकरणको व्यवस्था गरिनेछ।

९.५९.७ सरकारी तथा गैहसरकारी संघसंस्थाको समन्वयमा शिक्षक तथा विद्यार्थीका लागि विपद् व्यवस्थापन, जलवायू परिवर्तन, वातावरण संरक्षण, स्वास्थ्य, पोषण तथा सरसफाइ सम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी, प्रतिकार्य सम्बन्धी तालिम तथा अभिमुखीकरण जस्ता कार्यक्रमहरु संचालन गरिने छ।

९.५९.८ शुद्ध पिउने चिसो तथा तातो पानीको लागि वाटर फिल्टर र वाटर डिस्पेन्सरको व्यवस्था गरिनेछ।

**नीति ९.६० विद्यालयमा पूर्वाधारका लागि आवश्यक पर्ने मापदण्ड विकास र कार्यान्वयन गर्ने।**

९.६०.१ पूर्वाधार विकासका लागि संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोतको उचित व्यवस्थापन गर्नका लागि आवश्यक पर्ने मापदण्ड तयार गरी लागू गरिनेछ।

९.६०.२ पूर्वाधार विकासका लागि पालिकाको भूगोल, हावापानी र विद्यार्थी संख्याको प्रक्षेपण जस्ता कुराहरुलाई मध्यनजर गरी लागतका आधारमा कार्यनीति बनाई लागू गरिनेछ।

**नीति ९.६१ पूर्वाधार विकासका लागि पारदर्शी, एंव जवाफदेही प्रणालीको विकासमा जोड दिने।**

९.६१.१ शैक्षिक संस्थाहरुको लागि निर्माण गरिएका पूर्वाधारहरु विद्यालयभन्दा बाहिरका अन्य निकायहरुले भाडा वा करारका आधारमा उपयोग गरेवापतको विद्यालयमा प्राप्त हुने आम्दानीलाई विद्यालयको मर्मत सम्भार कार्यमा उपयोग गरिनेछ।

९.६१.२ विद्यालयमा पूर्वाधार विकासका लागि विभिन्न संघ संस्थाहरुसंग लागत साझेदारी गरिनेछ।

९.६१.३ विद्यालयमा निर्माण गरिएका पूर्वाधारहरुको संरक्षण र निगरानीका लागि स्थानीय बासिन्दाहरुलाई नै अपनत्वको भावना जागृत गराउने वातावरण तयार गरिनेछ।

९.६१.४ बालबालिकाहरुको मनोरञ्जन र उनीहरुको सन्तुलित र स्वस्थकर विकासमा सहयोग पुर्‍याउनका लागि कम्तिमा प्रत्येक वडामा एउटा बालउद्यानको स्थापना र विकास गरी सञ्चालनमा ल्याइनेछ।

**(ठ) आपतकालिन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा**

**नीति नं ९.६२ आपतकालिन तथा सङ्कटपूर्ण अवस्थामा सम्भाव्य जोखिम कम गर्न प्रदेश एवम् संघीय सरकार र विभिन्न संघसंस्थाहरूसँग समन्वय गरी पूर्वसावधानी र तयारीको वातावरण सिर्जना गर्ने।**

९.६२.१ स्थानीय क्षेत्रको शिक्षामा प्रत्यक्ष वा परोक्ष रुपमा प्रभाव पार्ने विपद् वा संकटहरुको पूर्वानुमान तथा त्यसको मात्रा वा संकटापन्नता (Vulnerability) को मूल्याङ्कन तथा विश्लेषण गरिनेछ ।

९.६२.२ नगरपालिकाले संकटापन्नता (Vulnerability) को मूल्याङ्कनका अधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना बनाइ विद्यालयमा पनि योजना निर्माण तथा कार्यान्वयन गर्न सहजीकरण गरिनेछ ।

९.६२.३ स्थानीय सरकार,शिक्षक, विद्यार्थी तथा अभिभावकहरुमा पूर्वतयारी, रोकथाम, प्रतिकार्य र पुर्नरस्थापनाका लागि क्षमताको विकास गरिनेछ ।

९.६२.४ विद्यालयमा विपद् प्रतिरोधात्मक भौतिक पूर्वधार निर्माण तथा पुर्नस्थापना गरिनेछ ।

९.६२.५ प्रत्येक विद्यालयमा सबैले देख्ने गरी विद्यालय सुरक्षा नक्सा राख्ने कार्यलाई अनिवार्य गरिनेछ ।

**नीति नं ९.६३ आपतकालिन तथा सङ्कटपूर्ण परिस्थितिमा विभिन्न परिवेशमा रहेका बालबालिकाहरुको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने।**

९.६३.१ शैक्षिक सेवाको निरन्तरता प्रदान गर्नआवश्यक पर्ने यन्त्र उपकरण, शैक्षिक सामग्री, औषधी, खाद्यान्न, पोशाक लगायत राहतका सामग्रीको व्यवस्था गरिने छ ।

९.६३.२ प्राकृतिक प्रकोप, महामारी जस्ता विभिन्न आपतकालमा पनि बालबालिकाको शिक्षालाई प्रभावित हुन नदिन टोल शिक्षा, स्व अध्ययन सामग्री,सुचना तथा सञ्चार प्रविधिको प्रयोग जस्ता बैकल्पिक व्यवस्थालाई उपयोगमा ल्याइनेछ।

९.६३.३ आपतकाल तथा संकटमा शिक्षाको निरन्तरताका लागि पालिकाले सामग्रीको विकास गरी स्वयम् सेवी शिक्षा दिन सम्बन्धित टोलमा उच्च शिक्षा अध्ययन गरेका जनशक्ति परिचालन गर्न पहल गरिनेछ ।

९.६३.४ आपतकाल तथा संकटमा शिक्षाको निरन्तरता सम्बन्धमा भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यासहरुलाई स्थानीयकृत गरिनेछ।

९.६३.५ विद्यालयमा वालबालिकाहरुको आपतकालीन सूचना सम्प्रेषण समूह निर्माण गरी फोकल पर्सन मार्फत सूचना आदान प्रदान गर्ने माध्यम बनाइनेछ।

**नीति नं ९.६४ आपत तथा सङ्कटको प्रतिकार्य (Responses) का लागि नगरपालिकास्तरीय संयन्त्रको विकास गर्ने।**

९.६४.१ प्राकृतिक विपद्, महामारी, शान्ति सुरक्षा र अधिकारका क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरुबीच समन्वय तथा जिम्मेवारीको संयन्त्र बनाइनेछ ।

९.६४.२ विपद् तथा संकटको व्यवस्थापन सँग सम्बन्धित गाँउपालिकास्तरीय संयन्त्र मार्फत मापदण्ड र निर्देशिका बनाइ कार्यन्वयनमा ल्याइनेछ ।

९.६४.३ विपदमा सेवा प्रवाहको संयन्त्र प्रणाली र सेवा प्रवाहको रणनीति केन्द्रको स्थापना गरिनेछ ।

९.६४.४ हिंसा र हेपाइमा परेका बालबालिकालाई न्याय र पिडकलाई सजाय दिने सवालमा सून्य सहनशीलता अपनाइ कानून निर्माण गरी कार्यान्वियन गर्ने सवालमा सङ्घ र प्रदेश लगायत विद्यालयसँग समन्वयन र सहकार्य गरिनेछ ।

९.६४.५ सामुदायिक सिकाइ केन्द्रलाई आवश्यक स्रोत र साधनको व्यवस्था गरी विपद् व्यवस्थापन सिकाइ केन्द्रका रूपमा समेत विकास गरिनेछ ।

९.६४.६ बाढीपहिरो, भूकम्प र महामारीको समयमा उपयोग गर्ने गरी पालिकाकै सक्रियतामा टोलहरुमा **बहुउद्देश्यीय साझा घर** निर्माण गर्ने कामलाई प्राथमिकता दिएर कार्यान्वियन गरिनेछ र यस्तो प्रकोप र सङ्कटको समयमा विद्यालयलाई आश्रय बनाउने कार्यलाई क्रमशः हतोत्साहित गर्दै लगिनेछ ।

९.६४.७ नगर, वडा र विद्यालयस्तरमा विपदको समयमा शैक्षिक क्षेत्रमा सहयोग पुग्ने गरी स्थायी किसिमको विपद व्यवस्थापन कोषको व्यवस्था गरिनेछ ।

**नीति नं ९.६५ विद्यालय शान्ति क्षेत्रको अवधारणाअनुसार विद्यालयमा शान्त र सुरक्षित वातावरणको सृजना गर्ने ।**

९.६५.१ विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८ को मर्म अनुसार विद्यालयमा सशस्त्र गतिविधि, द्वन्द्व, र हिंसा जस्ता कार्य हुन नदिन दलगत राजनीति र अन्य हस्तक्षेपलाई निरुत्साहित गरी विद्यालयमा गठन गरिने दलगत विद्यार्थी संगठनलाई निषेध गरिनेछ ।

९.६५.२ विद्यालयहरुमा बालबालिकाहरुको लागि सुरक्षित र भयरहित वातावरणमा सिकाइका अवसर सिर्जना गर्नका लागि सरोकारवालाहरुको क्षमता अभिबृद्धि गरी सुरक्षित र संरक्षित रहेको सुनिश्चित गर्न आवश्यक सहयोग गरिनेछ ।

९.६५.३ हरित विद्यालय कार्यान्वयन निर्देशिकाका आधारमा विद्यालयको वातावरण स्वच्छ, सफा, शान्त, सुरक्षित र हरियालीयुक्त बनाउन विद्यालयलाई वातावरणमैत्री हरित संस्थाको रुपमा विकास गर्न विद्यालयहहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

९.६५.४ विद्यालय हातामा खानेपानी, शौचालय, खेलमैदान, सरसफाइ किट, प्राथमिक उपचार बाकस जस्ता आपतकालीन सामग्री व्यवस्थापन गर्नका लागि सङ्घ र प्रदेश लगायत विद्यालयसँग समन्वयन र सहकार्य गरिनेछ ।

९.६५.५ स्थानीय पाठ्यक्रममा विपद् व्यवस्थापन, सामाजिक भेदभावमुक्त समाज निर्माण र सुरक्षित विद्यालय सम्बन्धी व्यावहारिक विषयवस्तु समावेश गरी शिक्षण सिकाइ गरिनेछ ।

९.६५.६ विद्यालय शान्ति क्षेत्रसम्बन्धी अवधारणालाई सार्थकता दिन राजनीतिक दल, पेसागत सङ्घ संगठन तथा विद्यार्थी क्लबहरू र अन्य सामुदायिक क्षेत्रबिच समन्वय सहकार्य गर्दै यसप्रति सबैलाई जिम्मेवार बनाइनेछ ।

**नीति नं ९.६६ विपद् प्रभावित बालबालिकाहरुको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षको ख्याल गर्दै मनोवैज्ञानिक सहजता कायम गर्न सहज समायोजनको वातावरण तयार गर्ने ।**

९.६६.१.संकटपूर्ण अवस्थामा कसरी सुरक्षित रहने भन्ने सम्बन्धमा विद्यालयहरुमा शिक्षक तथा विद्यार्थीहरुलाई आधारभूत ज्ञान, सीप सहितको तालिम प्रदान गर्न अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

९.६६.२. विपद प्रभावित बालबालिकाहरुलाई सामान्य अवस्थामा फर्काइ उनीहरुको पढाइलाई अझ प्रभावित हुन नदिन मनोसामाजिक परामर्श प्रदान गरिनेछ ।

९.६६.३ माध्यमिक विद्यालयमा मनोपरामर्शसम्बन्धी दक्षता भएको विद्यालय नर्सको व्यवस्था गरिनेछ र आधारभूत विद्यालयमा घुम्ती नर्सको व्यवस्था गरिनेछ।

९.६६.४ विद्यालयमा सुरक्षित विद्यालय र विपद् व्यवस्थापन सम्वन्धी सैद्धान्तिक एवं व्यावहारिक ज्ञान दिई विपद्को पूर्वतयारी, प्रतिकार्य, जोखिम न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राखी सुरक्षित विद्यालय सम्बन्धी अनुकरण र अभ्यासका क्रियाकलापहरू नियमित रूपमा सञ्चालन गर्न अभिप्रेरित गरिनेछ।

९.६६.५ सरकारी तथा गैरसरकारी सङ्घसंस्थाको समन्वयमा शिक्षक तथा विद्यार्थीका लागि विपद् व्यवस्थापन, जलवायू परिवर्तन, वातावरण संरक्षण, स्वास्थ्य, पोषण तथा सरसफाइसम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी र प्रतिकार्य सम्बन्धी व्यावहारिक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न समन्वय तथा सहजिकरण गरिनेछ।

## १०. नीति कार्यान्वयनको जिम्मेवारी

यस नगरपालिकाले निर्माण गरेको नीति कार्यान्वयन गरी अधिकतम लाभ लिनका लागि मुख्य जिम्मेवारी स्थानीय सरकारको त हुनेछ नै । नीति कार्यान्वयनलाई प्रभावकारी बनाउनका लागि प्रदेश र संघीय सरकारसँगको सहकार्य पनि उत्तिकै महत्वपूर्ण हुनेछ । प्रदेश सरकार र संघीय सरकारको भूमिका कानूनले तोकेबमोजिम हुने गरी स्थानीय सरकार र मातहतका निकायहरुको भूमिका र जिम्मेवारी देहायबमोजिम हुने गरी निर्धारण गरिएको छ।

### १०.१ नगरपालिकाको जिम्मेवारी

क) स्रोत आँकलन गरी बजेट व्यवस्थापन गर्ने,

ख) स्थानीय सरकारका शिक्षासँग सम्बन्धित संरचनाहरू स्थापना, गठन तथा परिचालन गर्ने,

ग) स्थानीय शिक्षा नीतिसँग मेल खाने गरी सहयोग गर्न आएका गैर सरकारी संघ संस्थाहरुसँग समन्वय गरी सहयोग र लगानीको वातावरण बनाउने,

ग) आवश्यक ऐन कानून, नियम, निर्देशिका र मापदण्डहरु निर्माण गर्ने,

घ) संघीय र प्रदेश सरकारले शिक्षा सम्बन्धी कानून बमोजिम निर्देश गरेका कुराहरुको पालना र कार्यान्वयन गर्ने,

### १०.२ नगर शिक्षा समितिको जिम्मेवारी

क) विद्यालयहरूको नियमित अनुगमन, मूल्याङ्कन र योजनामा सुधारसहितका अवसरहरू प्रदान गर्ने,

ख) विद्यालयसँग सरोकार राख्ने पक्षसँग समन्वय गर्ने,

ग) स्थानीय शिक्षा योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

घ) शिक्षाका माथिल्लो निकाय र संस्थाहरुसँग आवश्यक समन्वय गरी स्रोत माथिको पहुँच बढाउने,

ङ) शिक्षा सम्बन्धी काम गर्नका लागि नगर कार्यपालिकालाई सहयोग, सिफारिस र पृष्ठपोषण प्रदान गर्ने,

च) नगर कार्यपालिकाले तोकेका शिक्षा सम्बन्धी अन्य कार्यहरु गर्ने,

**१०.३ विद्यालयको जिम्मेवारी**

क) विद्यालय भित्रको शैक्षिक योजना निर्माण गरी सो को कार्यान्वयन गर्ने,

ख) नगर शिक्षा समिति र नगरपालिकासँग आवश्यक समन्वय र सहकार्य गर्ने,

ग) शिक्षकको पेशागत वृत्ति विकास र शैक्षिक उन्नतीका लागि प्रचलित नियम, कानूनको पूर्ण पालना गर्ने र गर्न लगाउने ।

घ) शिक्षाको गुणस्तर अभिवृद्धिका लागि अभिभावक, शिक्षक र विद्यार्थीहरुको बीचमा सहकार्यको वातावरण निर्माण गर्ने

ङ) विद्यालयलाई आफ्नो सेवा क्षेत्रका समुदाय र अभिभावकको शैक्षिक चेतनाको विकासका लागि बहुआयामिक थलोका रुपमा विकास गर्ने,

च) नगरपालिकाद्वारा निर्माण गरी पारित गरिएका नीति नियम तथा निर्देशनहरूको विषयमा शिक्षक र विद्यालय कर्मचारीहरू बीच अभिमुखीकरण गरी कार्यान्वयन गर्ने गराउने ।

**१०.४ शिक्षकको जिम्मेवारीः**

क) सूचना र प्रविधिमा क्षमता विकास गर्नुका साथै शिक्षा सम्बन्धी निर्माण भएका नीति र कार्यक्रमहरूप्रति जानकारी हासिल गरी पालिकाद्वारा निर्माण गरिएका योजनाहरूको कार्यान्वयनमा प्रतिवद्ध हुने,

ख) कक्षाकोठा भित्र सधै उत्प्रेरकको रुपमा उपस्थित भइ सकारात्मक सन्देश सम्प्रेषण गर्ने,

ग) विद्यार्थीहरुका हरेक क्षेत्रको विकासका निम्ति अब्बल दर्जाको रोल मोडेल र पथप्रदर्शकको रुपमा भूमिका निर्वाह गर्ने,

घ) संघ, प्रदेश र स्थानीय तहले कक्षाकोठामा शिक्षण एवम् सहजीकरण गर्ने भनी विकास गरेका पाठ्यक्रम लगायतका शैक्षिक सामग्रीहरुको विद्यालयमा प्रभावकारी रुपमा कार्यान्वयनका लागि भूमिका निर्वाह गर्ने,

ङ) विद्यालयलाई विद्यार्थी र अभिभावकको सिकाइ र रोजाइको थलोको रुपमा विकास गर्नका लागि शिक्षककोतर्फबाट निर्वाह गर्नुपर्ने भूमिका सम्पादन गर्ने,

च) विद्यालय र कक्षाकोठाको व्यवस्थापन र व्यावहारिक सिकाइमा नविन प्रविधिको प्रयोगमा निरन्तर प्रतिवद्ध भई कार्य सम्पादन गर्ने,

छ) विद्यार्थीको सिकाइ उपलब्धि सुधारका निम्ति प्रमुख रुपमा जिम्मेवार भइ भूमिका निर्वाह गर्ने,

ज) प्रचलित ऐन कानून अनुसार स्थानीय सरकार, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ एवम् प्रधानाध्यापकको तर्फबाट शिक्षकले गर्ने भनी निर्देश गरेका काम र जिम्मेवारीहरुको कार्यान्वयन गर्ने,

**१०.५ अभिभावकको जिम्मेवारी**

क) विद्यालयमा उपस्थित भइ आफ्ना सन्ततिको शिक्षा र सिकाइको बारेमा जानकारी आदान प्रदान गर्ने,

ख) विद्यालयको सार्वजनिक सम्पत्तिको संरक्षण र सुरक्षाका लागि भूमिका निर्वाह गर्ने,

ग) आफ्नो बालबालिकाको सिकाइमा देखिएको प्रगति वा अवरोधको विषयमा विद्यालयलाई जानकारी गराउने,

घ) विद्यार्थीले विद्यालयभन्दा बाहिर एवम् घरमा गइ गर्ने सिकाइ सम्बन्धी क्रियाकलाप र परियोजना कार्यमा सहजीकरणको भूमिका निर्वाह गर्ने,

ङ) सिकाइको क्रममा सन्ततिले गरेका क्रियाकलापहरुको बारेमा विद्यालय वा सम्बन्धित शिक्षकलाई नियमित रुपमा जानकारी गराउने,

च) अभिभावकले सम्पादन गर्ने भनी उल्लेख गरेका विद्यालयका क्रियाकलापहरुमा संलग्न भइ कार्य गर्ने,

**११. संस्थागत व्यवस्था**

मधुवन नगरपालिकाको प्रस्तुत शिक्षा नीति कार्यान्वयनका लागि प्रमुख भूमिका नगर कार्यपालिकाको हुनेछ । नगरपालिकालाई प्राविधिक एवम् प्रशासनिक हिसावले सघाउने काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्नेछ । शिक्षा नीतिको प्रभावकारी कार्यान्वयनका सिलसिलामा नगर शिक्षा समिति, सामुदायिक र निजी विद्यालयका विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघहरु, विद्यालयहरु, सामुदायिक सिकाइ केन्द्रहरु, उच्च शिक्षा प्रदायक संघसंस्थाहरु, प्राविधिक शिक्षालयहरु, शिक्षासँग सम्बद्ध सरकारी र गैरसरकारी संघसंस्थाहरु, अभिभावक र शिक्षाका अन्य सरोकारवालाहरुको भूमिका पनि आआफ्नो क्षेत्रमा उल्लेख्य रहनेछ । नगरपालिकाको शिक्षा नीति २०८१ मा उल्लेख गरिएका कतिपय नीति र रणनीतिक क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयनका लागि संघीय सरकार र प्रदेश सरकारको समेत उल्लेखनीय योगदान र भूमिका रहने कुरामा कुनै सन्देह छैन । तीनवटै सरकारको आपसी समन्वय र सहकार्यका आधारका शिक्षा क्षेत्र अघि बढ्ने व्यहोरा शिक्षालाई संविधानले तीनवटै सरकारको साझा सूचीमा राखेकोबाट पनि पुष्टी हुन्छ ।

**१२. अनुगमन तथा मुल्याङकन**

प्रस्तुत शिक्षा नीति, २०८१ को कार्यान्वयनको समग्र स्थितिको वार्षिक तथा आवधिक मूल्याङ्कन नगर कार्यपालिकाले गर्नेछ । त्यसैगरी नै नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाले शिक्षा नीतिले निर्धारण गरेका शैक्षिक क्रियाकलापहरुको अनुगमन र मूल्याङ्कन गरी नगर कार्यपालिकालाई प्रतिबेदन प्रदान गर्नेछ । नीतिको अनुगमन तथा मूल्याङ्कनका लागि मापदण्ड एवं सूचकहरूको विकास गरी ती सूचकहरूको आधारमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ । नीति कार्यान्वयनको प्रत्येक वर्ष समीक्षा गरिनेछ । यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन र मूल्याङ्कन गर्ने प्रमुख थलोको रुपमा विद्यालयहरु हुनेछन् । नगरपालिकाले अनुगमन र मूल्याङ्कनका लागि स्रोत विज्ञ र अनुगमन कर्ताहरुको रोष्टर निर्माण गरी अनुगमन र मूल्याङ्कन कार्यलाई गति प्रदान गर्नेछ ।

यस नगरपालिकाको प्रस्तुत शिक्षा नीतिको कार्यान्वयनका विभिन्न पाटा र पक्षहरुको बारेमा संघ र प्रदेशबाट गरिएका आवधिक अनुगमन र मूल्याङ्कनलाई पनि नगरपालिकाले सुधारका लागि पृष्ठपोषणको रुपमा ग्रहण गर्नेछ । अवस्था अनुसार शिक्षा नीति र मूल्याङ्कन र अनुगमनको सवालमा प्रत्यक्ष वा परोक्ष किसिमबाट नगर शिक्षा समिति, सामुदायिक र निजी विद्यालयका विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरु, विद्यालयहरु, सामुदायिक सिकाइ केन्द्रहरु, उच्च शिक्षा प्रदायक संघसंस्थाहरु, प्राविधिक शिक्षालयहरु, शिक्षासँग सम्बद्ध सरकारी र गैरसरकारी संघसंस्थाहरु, अभिभावक र शिक्षाका अन्य सरोकारवालाहरु सङ्लग्न हुन सक्नेछन् ।

## १३. आर्थिक पक्ष

प्रस्तु शिक्षा नीतिको कार्यान्वयनका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले स्रोत व्यवस्था गर्नेछन् । सरकारको अतिरिक्त निजी र सहकारी क्षेत्रबाट समेत शिक्षा नीतिको कार्यान्वयनका लागि स्रोत परिचालन हुनेछ । व्यक्ति, समुदाय र अभिभावकहरूलाई स्वेच्छिक रूपमा शिक्षाको विकासका लागि स्रोत व्यवस्थापन र वित्तीय योगदान गर्न प्रोत्साहित गरिनेछ । यसका अतिरिक्त शिक्षामा काम गर्ने अन्य सरकारी र गैरसरकारी क्षेत्रबाट हुने सहयोगले पनि नीतिको कार्यान्वयनमा योगदान पुग्नेछ । सामान्यतया यसरी शिक्षा नीतिको कार्यान्वयनका लागि हुने वित्तीय सहयोगलाई देहायबमोजिम बर्गिकरण गरी प्रस्तुत गरिएको छ :

- संघीय सरकारले प्रदान गर्ने सशर्त अनुदान, समानीकरण अनुदान, समपुरक अनुदान र विशेष अनुदान,
- प्रदेश सरकारले प्रदान गर्ने सशर्त अनुदान, समानीकरण अनुदान, समपुरक अनुदान र विशेष अनुदान,
- स्थानीय सरकारको स्रोत,
- निजी क्षेत्रको लगानी,
- शिक्षा क्षेत्रमा सरोकार राख्ने गैरसरकारी संस्थाबाट प्राप्त हुने बजेट,
- अभिभावक एवम् अन्य दाताहरुबाट प्राप्त हुने चन्दा, अनुदान, ऋण र अन्य सहयोग आदि ।

## १४. कानुनी व्यवस्थाः

स्थानीय शिक्षा नीति २०८१ को प्रभावकारी कार्यान्वयन गर्नका लागि देहायका कानून, ऐन, नियम, मापदण्ड, निर्देशिका र कार्यविधिहरुले योगदान गर्नेछन् :

- मुलुकको सबै क्षेत्र समेट्ने गरी तयार गरिएको नेपालको संविधान २०७२,
- शिक्षा ऐन २०२८ प्रतिस्थापित हुने गरी निर्माण हुने शिक्षा ऐन र सो अनुसारको शिक्षा नियमावली,
- संघीय सरकारबाट जारी गरिएको स्थानीय सरकार सञ्चालन ऐन २०७४,
- सामुदायिक सिकाइ केन्द्र सञ्चालन र व्यवस्थापन सम्बन्धी मापदण्ड २०७८,
- विभिन्न आर्थिक वर्षका कार्यक्रम कार्यान्वयन निर्देशिका,
- प्रदेश सरकारबाट जारी गरिएका शिक्षा ऐन नियमावाली र कार्यक्रम कार्यान्वयन निर्देशिकाहरु,
- मधुवन नगरपालिकाको स्थानीय शिक्षा ऐन २०७९,
- विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४,
- संघीय सरकारको पन्ध्रौ र सोह्रौ पञ्चवर्षीय योजनाहरु,
- प्रदेश सरकारका प्रथम र दोश्रो पञ्च वर्षीय योजनाहरु,
- शिक्षासम्बन्धी संघीय सरकार र प्रदेश सरकारका शिक्षा सम्बन्धी आवधिक योजनाहरु,
- पालिकाले प्रस्तुत नीतिका आधारमा निर्माण गर्ने आवधिक शिक्षा योजनाहरु,

## १५. जोखिम तथा जोखिम न्यूनीकरण

### १५.१ जोखिमहरू

यस नीतिको कार्यान्वयनका क्रममा निम्न जोखिमहरू रहने आँकलन गरिएको छ।

क) स्रोतको पर्याप्त व्यवस्थापनमा सन्देह,

ख) सरोकारवालाको चासो सम्बोधन नभएको अवस्थामा अपनत्व ग्रहणमा समस्या,

ग) संक्रमणकालीन अवस्थामा कानूनको दोहोरो प्रभाव र अर्थ लाग्न सक्ने सम्भावना,

घ) अपेक्षित उद्देश्य पूरा हुन नसक्दा नीति कार्यान्वयनमा कठिनाइ,

ङ) सबै अवधिका जनप्रतिनिधिहरुले शिक्षालाई प्राथमिकता दिने कुरामा सन्देह,

### १५.२ जोखिम न्यूनीकरण

क) स्रोत व्यवस्थापन गर्न स्थानीय तहले स्रोतको आँकलन गर्ने,

ख) सबै सरोकारवाला पक्षलाई अभिमुखीकरण गरी शिक्षाप्रति चासो र अपनत्व जगाउन अभियान सञ्चालन गर्ने,

ग) कानूनको प्रभावकारी कार्यान्वयनमा संघ, प्रदेश र स्थानीयतहले समन्वय र सहकार्य गर्ने,

घ) शिक्षाका साझेदार र गैरसरकारी संस्थाहरूसँग सहकार्य गर्ने,

ङ) शिक्षामा गरिने लगानी कुल बजेटको कम्तीमा २० प्रतिसत पुग्ने गरी क्रमश बृद्धि गर्दै जाने।

## १६.खारेजी तथा बचाउ

क) प्रस्तुत शिक्षा नीति कार्यान्वयन हुने वित्तिकै मधुवन नगरपालिकाको शिक्षा नीति २०७७ स्वत निस्क्रिय हुनेछ र यस पूर्व उक्त शिक्षा नीति अनुसार भए गरेका कार्यहरु यसै नीति अनुसार भएसरह मान्य हुनेछन्

ख) यो शिक्षा नीति गतिशील दस्तावेज भएकोले समय र आवश्यकताका आधारमा नगरपालिकाले परिवर्तन र परिमार्जन गर्न सक्ने छ। नीति परिमार्जन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून अनुसार हुनेछ।